का.जि.प्र.का.द.नं. १००/०५९/६०
४ फागुन २०८२
सोमबार
16 February 2026
Monday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

इपेपर हेर्न


वर्ष २४, अंक २५। पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com



# रास्वपाको रोडम्याप

- भ्रष्टाचार विरोधी महाअभियान
- जिडिपी १०० अर्ब डलर र प्रतिव्यक्ति आय ३,००० डलर
- पाँच वर्षमा १२ लाख नयाँ रोजगारी
- ३० हजार किमी सडक विस्तार
- १५ हजार मेगावाट विद्युत्
- सुरक्षित वैदेशिक रोजगारी र दोहोरो नागरिकता




राष्ट्रिय स्वतन्त्र पार्टीको नागरिक करार


वाचापत्रको सारांशका रूपमा नागरिक करार सार्वजनिक गरेका हौं । वाचापत्रमा राष्ट्र निर्माणको विस्तृत खाका आउँदैछ ।

■ डिपी अर्याल
उपसभापति, रास्वपा

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, ३ माघ

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) आफ्नो चुनावी अभियानका क्रममा मतदातासँग करार सम्झौता पत्रमार्फत आफ्नो रोडम्याप सार्वजनिक गरेको छ । २१ फागुनको प्रतिनिधिसभा निर्वाचनबाट राष्ट्रिय शक्तिका रूपमा स्थापित हुने दाबी गरेको रास्वपाले करार सम्झौता ढाँचामा जनतासँग प्रतिबद्धता जनाएको हो ।

बाचापत्र भनिएको घोषणापत्र भने विस्तृत रुपमा ल्याउने जनाएको छ । रास्वपाले गर्ने करारपत्र पार्टी सभापति रवि लामिछानेले आइतबार सामाजिक सञ्जालबाट सार्वजनिक गरे । पाँच बुँदे नागरिक करार सार्वजनिक गरेको रास्वपाले ७ फागुनमा कर्णाली प्रदेशबाट सोही करारको पूर्णपाठ औपचारिक रूपमा जारी गर्दैछ । वाचापत्र सार्वजनिक गर्दै पार्टी चुनावी प्रतिस्पर्धामा जाने नेताहरूले »» पृष्ठ २ मा


*महाशिवरात्रिमा ड्रोनबाट देखिएको पशुपतिनाथ क्षेत्रको दृश्य । **तस्बिर : मध्यान्ह***

# महत्त्वाकांक्षी योजना पस्किँदै दलहरू

विगतका निर्वाचनमा झैं यसवर्ष पनि राजनीतिक दलहरु महत्वाकांक्षी योजना पस्किँदै छन् । नेपाली कांग्रेस, नेकपा एमालेलगायतका दलहरुले भने चनावी घोषणापत्र ल्याउन बाँकी छ ।
















**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ३ फागुन

राजनीतिक दलहरूले धमाधम चुनावी घोषणापत्र सार्वजनिक गरिरहेका छन् । हालसम्म सार्वजनिक भएका दलहरूका घोषणापत्रमा महत्वकांक्षी योजनाहरू समावेश छन् ।

आर्थिक विकास र समृद्धिका सपनाका साथसाथै रोजगारी सिर्जना लगायतमा महत्वकांक्षी योजना सबैजसो दलहरूका घोषणापत्रमा समावेश छ । शिक्षा, स्वास्थ्य निःशुल्क गर्ने गर्ने बाचा पनि छुटेका छैनन् ।

आइतबार राष्ट्रिय स्वतन्त्र पार्टीले नागरिक करार पत्र, उज्यालो नेपाल पार्टीले चुनावी घोषणापत्र ल्याएको छ ।

'भ्रष्टाचार विरोधी महाअभियान' सञ्चालन गर्दै नीतिगत, आचरणगत र संस्थागत सुधारमार्फत विश्वासयोग्य राज्य निर्माण गर्ने लक्ष्य रास्वपाको छ ।

मध्यम वर्ग विस्तारलाई दोस्रो प्राथमिकतामा राख्दै औसत वार्षिक प्रतिव्यक्ति आय ३,००० डलरभन्दा माथि पुर्‍याउने, कुल गार्हस्थ उत्पादनको आकार १०० अर्ब डलर नाघ्ने बनाउने तथा गुणस्तरीय स्वास्थ्य सेवामा पहुँच विस्तार गर्ने योजना अघि सारिएको छ । सार्वजनिक शिक्षामा सुधार र 'एकीकृत सामाजिक सुरक्षा'को अवधारणासहित आधुनिक वित्तीय सेवामा सर्वसाधारणको पहुँच बढाउने उल्लेख गरिएको छ।

रोजगार सिर्जनालाई तेस्रो प्राथमिकतामा राख्दै वैदेशिक पलायन घटाउने, औपचारिक र सुरक्षित रोजगारी विस्तार गर्ने तथा पाँच वर्षमा १२ लाख नयाँ रोजगारी सिर्जना गर्ने लक्ष्य पार्टीले प्रस्तुत गरेको छ। पाँच वर्षमा १५ हजार मेगावाट विद्युत् जडान क्षमता र ३० हजार किलोमिटर सडक सञ्जाल विस्तार गर्ने लक्ष्य राखेको जनाएको छ ।

यसअघि नै नेपाली कम्युनिस्ट पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा), जनता समाजवादी पार्टी नेपाल, आम जनता पार्टी (आजपा), राष्ट्रिय मुक्ति पार्टीले घोषणापत्र ल्याइसकेका छन् ।

नेपाली कम्युनिष्ट पार्टीले चुनावी प्रतिबद्धतापत्रमा शासकीय सुधार, सुशासन र रोजगारी सिर्जना मुख्य प्राथमिकतामा राखिएको छ ।

कृषि, उद्योग, रोजगार, स्वास्थ्य, पूर्वाधार विकास, कूटनीति, सामाजिक न्याय जस्ता हरेक शीर्षकमा मतदातालाई आकर्षक लाग्ने प्रतिबद्धताहरू गरिएका छन् ।

स्वास्थ्यमा हाल ३० प्रतिशत रहेको स्वास्थ्य बिमालाई २०८८ सालसम्म शतप्रतिशत पुर्‍याउने लक्ष्य लिइएको छ । स्वास्थ्यको बजेट ५ बाट बढाएर ८ प्रतिशत पुर्‍याउने भनिएको छ ।

निर्माणाधीन राष्ट्रिय गौरवका परियोजनाहरू यथाशीघ्र सम्पन्न गर्ने, सबै स्थानीय तहसम्म पक्की सडक, पूर्वपश्चिम रेलमार्ग, काठमाडौंमा मेट्रोरेल तथा मोनोरेल निर्माण, वि.सं. २१०० सम्म ४० हजार मेगावाट विद्युत् उत्पादन गर्ने प्रतिबद्धता नेकपाले गरेको छ ।

'आगामी ५ वर्षभित्रमा सबै नेपालीको घरमा सफा पिउने पानी उपलब्ध हुनेछ,' नेकपाको प्रतिबद्धता छ, 'एक परिवार एक आवासको अवधारणा बमोजिम ५ वर्षमा पाँच लाख नयाँ आवास निर्माण गरिनेछ ।'

किसानलाई परिचयपत्र, न्यूनतम ज्याला, सामाजिक सुरक्षा र बिमा प्रभावकारी बनाउने भनिएको छ। भूमिहीनको समस्या त २ वर्षभित्रै हल गरिने प्रतिबद्धता व्यक्त गरिएको छ ।

राप्रपाका जलस्रोत, पर्यटन, कृषि, सूचना, प्रविधि, सुशासन लगायतका विषयलाई पार्टीले आफ्नो घोषणापत्रमा समेटेको छ।

जसपा नेपालले पनि उस्तै महत्वकांक्षी योजनाहरू अगाडि सारेको छ । कृषि क्षेत्रलाई जोड दिँदै पाँच वर्षमा ५० लाख रोजगारी सिर्जना गर्ने लक्ष्य लिएको छ ।

आम जनता पार्टीले अझ अगाडि बढेर शिक्षा, स्वास्थ्य र आधारभूत सेवा निःशुल्क गर्ने वाचा गरेको छ ।

आजपाको घोषणापत्रमा भनिएको छ, 'स्वास्थ्य क्षेत्रमा डिजिटल हेल्थ कार्ड, गम्भीर रोगको पूर्ण निःशुल्क उपचार र प्रत्येक पालिकामा विशेषज्ञ अस्पताल स्थापना गरिनेछ ।'

शिक्षा, स्वास्थ्य, खानेपानी र विद्युत् आधारभूत रूपमा निःशुल्क उपलब्ध गराउने प्रतिबद्धता पनि जनाइएको छ । पूर्ण साक्षर राष्ट्र, स्मार्ट कक्षाकोठा र 'एक स्थानीय तह, एक खेलमैदान' जस्ता कार्यक्रम समावेश छ ।

यसका साथै रोजगारीको ग्यारेन्टी गर्ने भनिएको छ । 'एक घर, एक रोजगारी' »» पृष्ठ २ मा

## चुनावी प्रचारमा दलहरू

# आचारसंहिता उल्लंघन गरे उम्मेदवारी खारेज



आचारसंहिता उल्लंघन गरेको ठहर भएमा उम्मेदवारी खारेज हुनसक्छ र ६ वर्षसम्म पुन: कुनै पनि राजनीतिक प्रतिस्पर्धामा भाग लिन नपाउने गरी आयोगले निर्णय गर्नसक्छ ।

■ रामप्रसाद भण्डारी
कार्यवाहक प्रमुख निर्वाचन आयुक्त

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ३ फागुन

प्रतिनिधिसभा निर्वाचन अन्तर्गत चुनावी प्रचारप्रसारको समय सुरु भएको छ। सोमबारबाट सुरु भएको प्रचार-प्रसारको समय फागुन १८ गतेसम्म चल्नेछ ।

कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीका अनुसार तोकिएको कार्यतालिका बमोजिम राजनीतिक दल र उम्मेदवारहरूका लागि चुनावी प्रचारप्रसारका लागि समयसीमा तोकिएको हो ।

सोमबार आयोजित पत्रकार सम्मेलनमा उनले भनेका छन्, 'निर्वाचन आचार संहिता २०८२ ले राजनीति दल, उमेदवार, दलका भातृ संगठन तथा सम्बन्धित व्यक्तिले जुलुस, आमसभा, कोणसभा, बैठक, भेला वा निर्वाचन प्रचार प्रसार सम्बन्धी कार्य गर्दा पालना गर्नुपर्ने आचरणको व्यवस्था गरेको छ ।'

'निर्वाचनको निष्ठतालाई उच्च प्राथमिकतामा राखेर दल तथा उमेदवार एवं अन्य सरोकारवाला सबैले निर्वाचन आचार संहिताको पूर्ण पालना गरी निर्वाचन »» पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# चुनावी एजेन्डाको प्राथमिकतामा वैदेशिक रोजगार

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३ फागुन

फागुन २१ गते हुने निर्वाचनका लागि राजनीतिक दलहरूले वैदेशिक रोजगारलाई मुख्य एजेन्डामा राखेका छन् । वैदेशिक रोजगारमा आश्रित रहेका परिवारको मत ठूलो रहेका कारण राजनीतिक दलहरूले वैदेशिक रोजगारलाई सुरक्षित र मर्यादित बनाउनुपर्नेदेखि कतिपयले वैदेशिक रोजगारको बाध्यता अन्त्य गर्ने प्रतिबद्धता जनाएका छन् ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले नागरिक करार भन्दै सार्वजनिक गरेको पत्रमा विदेशमा बस्ने नेपालीहरूलाई अनलाइन मताधिकार, वंशजको नागरिकताको निरन्तरता, सार्वभौम डायस्पोरा फन्डको कार्यान्वयन, सुरक्षित लगानी र सम्मानित देश फिर्तीको वातावरण बनाउने र मर्यादित वैदेशिक रोजगारीको सुनिश्चित गरिने बताएको छ । रास्वपाले प्रतिबद्धता पत्रको पूर्णपाठ फराकिलो रूपमा आउने बताएको छ । परम्परागत दल भनिने नेपाली »» पृष्ठ २ मा

### वैदेशिक रोजगारीमा पठाउने भन्दै ३ लाख ठग्ने पक्राउ

**काठमाडौं/मस–** वैदेशिक रोजगारीमा आकर्षक तलबको प्रलोभन देखाएर युरोपेली मुलुक हंगेरी पठाइदिने भन्दै ठगी गरेको आरोपमा एक जना पक्राउ परेका छन् ।

पक्राउ पर्नेमा दोलखाको कालिन्चोक गाउँपालिका-४ घर भई हाल गोकर्णेश्वर नगरपालिका-८ बस्दै आएका ५६ वर्षीय महेश तामाङ रहेको प्रहरीले बताएको छ । »» पृष्ठ २ मा



मध्यान्ह
www.madhyanhadaily.com
४ फागुन २०८२ सोमबार
16 February 2026 Monday

# यो चुनाव बजेट राख्ने र बजेट काट्ने शक्तिहरूबीचको फैसला हो : ओली

**काठमाडौं/मस-** नेकपा (एमाले) का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले आगामी निर्वाचन 'देश बनाउने र देश जलाउने' शक्तिहरूबीचको महासंग्राम भएको बताएका छन् ।

झापाको दमकमा धिमाल समुदायका अगुवाहरूसँगको भेटघाटमा बोल्दै अध्यक्ष ओलीले यस्तो बताएका हुन् ।

उनले यो निर्वाचन केवल प्रतिनिधि छान्ने कुरा मात्र नभइ धिमाल जातिको विकासका लागि बजेट राख्ने र भएका बजेट काट्नेहरू बीचको निर्वाचन भएको बताए । आफू नेतृत्वको सरकारले धिमाल जातिको संग्रहालय, होमस्टे र सडकका लागि छुट्याएको करोडौंको बजेट वर्तमान सरकारले अनधिकृत रूपमा काटेको भन्दै उनले आक्रोश व्यक्त गरे । वर्तमान सत्ता गठबन्धनले विकास विरोधी काम गरेको आरोप लगाए ।



धिमाल समुदायलाई सम्बोधन गर्दै ओलीले भने, 'यस पल्टको चुनाव जलाउने कि बनाउनेहरुको बिचको चुनाव हो । देश बनाउने, बचाउने कि देश जलाउनेका बिचको चुनाव हो । अहिले यहाँ चुनावमा केपी ओलीसँग प्रतिष्पर्धा गर्न आउँछु भन्ने मान्छेहरु यिनीहरुकै टिम हो जलाउने पनि र कटाउने पनि । त्यसो भएर यस्ताहरुलाई झुक्किएर पनि बढावा दिनुहुन्न प्रोत्साहित गर्नुहुन्न भन्ने दाजुभाइ दिदीबहिनीहरुलाई थाहा छ भन्ने मलाई लाग्छ ।'

अध्यक्ष ओलीले धिमाल जातिलाई 'धर्तीपुत्र' र 'प्रथम नागरिक' को संज्ञा दिँदै उनीहरूको पहिचान मेटाउन खोजिएको बताए ।

आफू २०२० सालदेखि नै धिमाल समुदायसँग निकट रहेको स्मरण गर्दै ओलीले वि.सं. २०५१ सालमा गृहमन्त्री हुँदा धिमाल जातीय विकास केन्द्रका नाममा संग्रहालय र उद्योग सञ्चालन गर्न १० बिगाहा जमिन भोगाधिकार दिएको तथ्य उल्लेख गरे । अध्यक्ष ओलीले धिमाल समुदायबाट शिक्षित युवाहरू नेतृत्वमा आउन थालेकोमा खुशी व्यक्त गर्दै आगामी दिनमा राज्यका विभिन्न निकायमा उनीहरूको उपयुक्त प्रतिनिधित्वका लागि एमालेले विशेष ध्यान दिने समेत बताए । शिक्षा, स्वास्थ्य र मौलिक पहिचानको संरक्षण नै आफ्नो मुख्य एजेण्डा रहेको भन्दै उनले कसैको भ्रममा नपर्न आग्रह गरे ।

## रास्वपाको...

बताएका छन् । यो करारपत्र वाचापत्रको सारांशका रूपमा ल्याईएको उपसभापति डोलप्रसाद (डिपी) अर्यालले बताए । उनले भने, 'वाचापत्रमा राष्ट्र निर्माणको विस्तृत खाका आउँदैछ । यो मुहार मात्रै हो । यसलाई वाचापत्रको सारांशका रूपमा सार्वजनिक गरेका हौं ।'

२०७९ को प्रतिनिधिसभा निर्वाचन हुनुभन्दा तीन महिनाअघि मात्रै खुलेको रास्वपाले २१ सिटसहित संसदमा चौथो दल बनेको थियो । यस पटक बहुमत ल्याउनेगरी चुनाव अभियान अघि बढाइको अर्याल बताउँछन् । देशमा व्याप्त भ्रष्टाचार र कुशासनप्रति नागरिकको बढ्दो वितृष्णालाई रास्वपाले आफ्नो मुद्दा बनाएको छ । तर गत निर्वाचनपछि छोटो अवधिमै दुई पटक सरकारमा गएको रास्वपाको मुल नेतृत्व पनि विवादरहित छैन् । रास्वपा सभापति रवि लामिछानेमाथि लागेका सहकारी ठगी र संगठित अपराधका आधा दर्जन मुद्दा अदालतमा विचाराधिन छन् । त्यसअघि पनि उनी दाहोरो नागरिकतामा दोषी ठहरिएका व्यक्ति हुन् । यद्यपि, आमरूपमा उनीप्रतिको सहानुभुतिमा कमी आएको छैन् । रास्वपाले काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र शाह 'बालेन'लाई पार्टीमा भित्र्याएपछि चुनावी लहर ल्याउन खोजेको छ ।

करार पत्रको प्रतिलिपि फेसबुकमार्फत सार्वजनिक गर्दै सभापति रवि लामिछानेले भने, 'चुनावमा बाचा त धेरैले धेरै पटक गरे । तर, पूरा नगरेको परिणाम उनीहरूले होइन, जनताले नै भोग्नुपर्‍यो निरन्तर । हामी पूरा नहुने वाचा होइन, जनतासँग प्रतिज्ञाको करार गर्दैछौं ।'

नागरिक करार भनिएको घोषणापत्र सारांशमा रास्वपाले ५ वटा प्राथमिकता र लक्ष्यहरू अघि सारेको छ । पहिलो प्राथमिकतामा भ्रष्टाचार विरोधी महाअभियान संचालन गर्नेदेखि बिचौलिया नियन्त्रण गर्ने प्रतिबद्धता जनाइएको छ । सदाचार र असल शासन अन्तरगत सरकारी सेवाहरूको सर्वव्यापी डिजिटल डेलिभरीसहित ट्रान्सपरेन्सी इन्टर नेसनलको भ्रष्टाचार सूचकाङ्कमा भारी सुधारको लक्ष्य तोकिएको छ ।

दोस्रो, मध्यम वर्गीय विस्तारलाई राखेको छ । यस अन्तरगत औसत प्रतिव्यक्ति आय ३ हजार डलर पुर्‍याउने र कुल गार्हस्थ उत्पादनको आकार १०० अर्ब डलर पुर्‍याउने लक्ष्य निर्धारण गरिएको छ । जन्मदेखि मृत्युसम्म आवश्यकतामा आधारित एकीकृत सामाजिक सुरक्षाको ग्यारेन्टी पनि रास्वपाले गरेको छ । यसैगरी, आधुनिक बैंकिङसहित वित्तीय सेवाहरूमा सबै नागरिकको पहुँच लगायत सख्त नियमनभित्रको सहकारी र लघुवित्त, मिटर ब्याज शोषणको अन्त्य गर्ने उल्लेख छ ।

रास्वपाले पाँच वर्षमा १२ लाख नयाँ रोजगारी सिर्जना गर्ने प्रतिबद्धतासमेत जनाएको छ । आइटी, निर्माण, पर्यटन, कृषि, खनिज, उद्योग र सेवा व्यापारमा ती रोजगारी सिर्जना गरिने करार पत्रमा उल्लेख छ । यस्तै, १५ हजार मेगावाट विद्युत् जडित क्षमता र ३० हजार किलोमिटर सडक सञ्जाल बिस्तारलाई लक्ष्य बनाइएको छ । १० वटा राष्ट्रिय महत्वका सिग्नेचर आयोजना सम्पन्न गर्ने भनिएको छ । रास्वपाले विदेशमा बस्ने नेपालीहरूलाई अनलाइन मताधिकार दिलाउने वाचासमेत गरिएको छ ।

त्यस्तै, वंशजको नागरिकताको निरन्तरता र सार्वभौम डायस्पोरा फण्डको कार्यान्वयन गर्ने भनिएको छ । करार पत्रमा लेखिएको छ, 'तपाईंहरूले हामीलाई एकल बहुमत दिलाएको अवस्थामा पनि करार बमोजिमका सर्तहरु डेलिभरीसहित ५ वर्षभित्र बुझाउन नसकी तपाईं नागरिकलाई मर्का पर्न गएमा संविधान, मौजुदा कानून र सामाजिक करार अनुसार हाम्रो 'राजनीतिक नैतिकता र पद' बाट अर्को पटकको निर्वाचनमा सजाय दिई असुल उपर गरी लिनुहोला । यसमा हाम्रो पार्टीका सम्पूर्ण सदस्यहरूको मन्जुरी छ । काबुबाहिरको परिस्थिति बाहेक हामी पूरा गर्न नसकिने वाचा बाँड्दैनौं, बरु तपाईंहरूको राजनीतिक विश्वासको ऋणको करार गर्छौं ।'

करार पत्रमा ऋणीको दस्तखत भनेर औंठा छाप राखिएका छन् । छेऊमा दलको नाम र छाप राखिएको छ । औठा छाप भने कसको खुलाइएको छैन । करार पत्रमा लेखिएका अक्षरहरूलाई नै मसिना बनाएर औंठाछापको स्वरूपमा राखिएको नेताहरूले बताएका छन् । 'हामीले आज मतदातासँग करार सार्वजनीक गर्‍यौं,' रास्वपा सहप्रवक्ता प्रतिभा रावलले भनिन, 'यसको विस्तृतरूप फागुन ७ गते कर्णलीबाट औपचारिक सार्वजनीक गर्छौं । जसलाई हामीले वाचापत्र भननेका छौं । करार पत्रमा राखिएको औंठाछाप सांकेतिक हो ।' रावलका अनुसार, देशभरका उम्मेदवारहरूलाई यो करार पत्र वितरण गरिने छ । उनीहरूले चाहेमा यो करार पत्रमा आफ्नो औंठाछाप पनि लगाउन सक्ने छन् ।

'अहिले सार्वजनिक करार पत्र पार्टीको तर्फबाट हो । देशभरिका उम्मेदवारहरूले आ-आफ्नो स्थानीय मुद्दाहरूलाई समावेश गरेर अर्को करार पत्र पनि गर्नुपर्ने हुन्छ', उनले मध्यान्हलाई भनिन् । यस पटक रास्वपालाई निर्णयक शक्ति बनाएर पठाउनेमा विश्वस्त रहेको उनले बताईन् । 'यसपटक हामीलाई जनताले निर्णयक शक्ति बनाएर पठाउनेमा विश्वस्त छौं', सहप्रवक्ता रावल भनिन् ।

## महत्वाकांक्षी...

कार्यक्रम लागू गर्ने र बेरोजगारलाई बेरोजगारी भत्ता दिने घोषणा गरेको छ ।

अर्थात्, विगतका निर्वाचनमा झैं यसवर्ष पनि राजनीतिक दलहरू महत्वकांक्षी योजना पस्किँदै छन् । नेपाली कांग्रेस, नेकपा एमाले लगायतका दलहरूले भने चनावी घोषणापत्र ल्याउन बाँकी छ ।

## चुनावी...

प्रचार प्रसार गर्नुहुनेछ भन्नेमा आयोग विश्वस्त रहेको छ' भण्डारीले भनेका छन्, 'आयोग चाहन्छ, राजनीति दल तथा उमेदवारहरूलाई आचारसंहिता उल्लंघन भयो भनेर मात्र पत्र काटेर स्पष्टिकरण सोध्ने कानुनी कारवाहीका लागि अघि बढ्नुपर्ने अवस्था नआओस् ।'

उनका अनुसार चुनावी प्रचारको १५ दिनको अवधिमा जुलुस, आमसभा, कोणसभा र सञ्चार माध्यममार्फत सामग्री प्रचार गर्न पाइनेछ । १८ गते राति १२ बजेपछि भने मौन अवधि सुरु हुनेछ । मौन अवधिमा कुनै पनि प्रकारको प्रचार गर्न पाइने छैन । आचारसंहिता उल्लंघन गर्नेलाई स्पष्टीकरण सोध्ने, दण्ड जरिवाना गर्नेदेखि उम्मेदवारी खारेजीसम्मको कारबाही हुनसक्छ ।

'आचारसंहिता उल्लंघन गरेको ठहर भएमा उम्मेदवारी खारेज हुनसक्छ र ६ वर्षसम्म पुनः कुनै पनि राजनीतिक प्रतिस्पर्धामा भाग लिन नपाउने गरी आयोगले निर्णय गर्नसक्छ,' भण्डारीले भनेका छन् ।

निर्वाचन आयोगका अनुसार केन्द्रीय आचारसंहिता अनुगमन समितिमा उजुरी प्राप्त भएकाहरूको सम्बन्धमा सम्बन्धित राजनीतिक दल तथा उम्मेदवारलाई स्पष्टीकरण सोधिएको छ । हालसम्म ३० भन्दा बढीको जवाफ प्राप्त भएको निर्वाचन आयोगले जनाएको छ ।

आयोगले निर्वाचन आचारसंहिता उल्लंघन गरेको भनी उजुरी परेका राजनीतिक दल, उम्मेद्वार, सरकारी एवं गैरसरकारी संस्था, सञ्चारमाध्यम र पत्रकारलाई पनि स्पष्टीकरण सोधेको हो । दर्ता भएका सञ्चारमाध्यम र त्यहाँ आबद्ध पत्रकारलाई भने प्रेस काउन्सिल नेपालमार्फत् स्पष्टीकरणलगायत कारबाहीका लागि लेखी पठाइएको आयोगका कानुन अधिकृत मोहनराज जोशीले जानकारी दिए ।

जिल्लास्तरमा निर्वाचन आचारसंहिना उल्लंघनविरुद्धका उजुरी प्राप्त भई आवश्यक कारबाही भइरहेको छ । निर्वाचन आचारसंहिताको प्रभावकारी परिपालना गराई उल्लंघनका घटनालाई न्यूनीकरण गर्न आयोगले प्राप्त उजुरीमा आवश्यक जाँचबुझ र कारवाहीको प्रक्रिया अघि बढाइरहेको छ । आचारसंहिताको प्रभावकारी कार्यान्वयनका लागि केन्द्रीय आचारसंहिता अनुगमन समिति, जिल्ला आचारसंहिता अनुगमन समिति, जिल्ला आचारसंहिता अनुमगन अधिकृत तथा सम्बन्धित निर्वाचन कार्यालय क्रियाशील रहेको उनले जानकारी दिए ।

७७ वटै जिल्लाका सहायक प्रमुख जिल्ला अधिकारीलाई आर्थिक बाहेकका अन्य विषयमा र प्रमुख कोष नियन्त्रकलाई आर्थिक विषयमा अनुगमन गर्न आचारसंहिता अनुगमन अधिकृत तोकिएको छ । छोटो समयमै सबै जिल्लामा सरोकारवालालाई आचारसंहिताबारे जानकारी गराउने र आचारसंहिता पालना गर्ने प्रतिवद्धता गराउने कार्य प्रभावकारी रूपमा भइरहेको आयोगले जनाएको छ । जिल्ला स्तरमा आएका उजुरीका सम्बन्धमा जिल्लाबाटै स्पष्टीकरण सोधी जवाफ माग गरेर दोषी देखिएकालाई कानुनी कारबाहीको प्रक्रिया अघि बढाइएको पनि आयोगले जनाएको छ ।

## चुनावी...

कांग्रेस र नेकपा एमालेले चुनावी घोषणापत्र सार्वजनिक गरेका छैनन् ।

उपेन्द्र यादव नेतृत्वको जसपा नेपालले वैदेशिक रोजगारमा जाने श्रमिकहरूका लागि फ्रि भिसा र टिकटको व्यवस्था गर्ने नीति कडाइका साथ कार्यान्वयन गर्ने प्रतिबद्धता अघि सारेको छ । वैदेशिक रोजगारीमा रहेका श्रमिकहरूको सुरक्षा सुनिश्चित गर्दै उनीहरूको रोजगारीलाई प्रत्याभूति दिने प्रतिबद्धता पनि व्यक्त गरेको छ ।

जसपा नेपालले आन्तरिक रोजगारीको प्रत्याभूति नहुँदासम्म वैदेशिक रोजगारीमा जाने नागरिकको सीप विकास, प्रशिक्षण तथा यात्रा खर्च रोजगारदाताबाट ग्यारेन्टी गरिनुपर्नेमा जोड दिएको छ । त्यसैगरी विदेशबाट प्राप्त रेमिट्यान्स रकम औपचारिक बैंकिङ प्रणालीमार्फत भित्र्याइनुपर्ने भन्दै कामदारको कमाइ उनीहरूको विकास र संरक्षणमा खर्च गरिनुपर्ने बताएको छ ।

घोषणापत्रमा वैदेशिक रोजगारीबाट फर्केका नागरिकहरूको सीपअनुसार स्वदेशमै रोजगारीको व्यवस्था गरिने नीति पनि समेटिएको छ । जसपा नेपालको दृष्टिमा वैदेशिक रोजगारी 'रहर' नभई 'बाध्यता' हो ।

उज्यालो नेपाल पार्टीले आगामी पाँच वर्षमा ४५ लाख रोजगारी सिर्जना गरी वैदेशिक रोजगारमाथिको बढ्दो निर्भरता कम गर्ने प्रतिबद्धता जनाएको छ । उज्यालो नेपाल पार्टीले आइतबार सार्वजनिक गरेको प्रतिबद्धता पत्रमा आइटी, उद्योग, पूर्वाधार, शिक्षा, स्वास्थ्य, खेलकुद, हाइड्रो, कृषि र पर्यटन क्षेत्रबाट वार्षिक ९ लाख रोजगारी सिर्जना गरी पाँच वर्षमा ४५ लाख रोजगारी सिर्जना गर्ने उल्लेख गरेको छ ।

नेपाली कम्युनिष्ट पार्टीले श्रम तथा रोजगारी नीति आर्थिक रूपान्तरणको मुख्य आधारका रूपमा रहने भन्दै श्रमिकको मर्यादा, हकहित तथा सामाजिक सुरक्षा सुनिश्चित गर्दै आन्तरिक तथा वैदेशिक रोजगारीलाई मर्यादित बनाइने, सुशासन र रोजगारी समाजवादको तयारी, राष्ट्रियता र लोकतन्त्रको रक्षा हाम्रो जिम्मेवारी भन्ने कार्यान्वयन गरिने उक्त पार्टीको भनाइ छ ।

उक्त पार्टीले वैदेशिक रोजगारीमा दक्ष तथा अर्धदक्ष जनशक्ति मात्र पठाउने व्यवस्था मिलाउने, वैदेशिक रोजगारीमा जानेहरूको बिचौलिया शोषण पूर्णरूपमा अन्त्य गर्न गन्तव्य मुलुकसँग श्रम सम्झौता गर्ने, न्यूनतम तलब-सुविधा तथा अधिकार सुनिश्चित गरिने उल्लेख गरेको छ ।

रेमिट्यान्स बैंकिङ प्रणालीमार्फत मात्र भित्र्याउने भन्दै उक्त पार्टीले गैर-बैंकिङ च्यानल नियन्त्रण गरी रेमिट्यान्सलाई उत्पादनमूलक लगानीमा उपयोग गर्ने उपकरण विकास गर्दै हाल बैंकिङ प्रणालीबाट रेमिट्यान्स पठाउँदा चर्को शुल्क तिर्नुपर्ने बाध्यता अन्त्य गर्न नीतिगत सुधार गरिने बताएको छ ।

वैदेशिक रोजगारीबाट सिकेको ज्ञान, सीप, प्रविधि तथा उद्यमशीलतालाई कृषिलगायत अन्य क्षेत्रमा स्वदेशमा प्रभावकारी प्रयोग गर्न 'रिटर्नी लक्षित विशेष कार्यक्रम' सञ्चालन गरी उद्यमशीलता, मनोसामाजिक तालिम, व्यावसायिक कर्जा, प्राविधिक सेवामा संलग्न गराइने भन्दै नेपाली कम्युनिष्ट पार्टीले वैदेशिक रोजगारीमा अलपत्र परेमा वा बिरामी भएमा उद्धार, उपचार तथा कानुनी सहयोग सुनिश्चित गर्न दूतावासमा श्रम सहचारी नियुक्ति तथा स्रोत वृद्धि गरिने प्रतिबद्धता सार्वजनिक गरेको छ ।

## वैदेशिक...

पक्राउ परेका तामाङलाई वैदेशिक रोजगार ऐनअन्तर्गत थप अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार विभागसमक्ष पठाइएको प्रहरीले जनाएको छ ।

# जनअपेक्षा पूरा गर्दै देश सम्हाल्ने विषय मुख्य हो : सभापति थापा

**सर्लाही/मस-** नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले जन अपेक्षा पुरा गर्दै देश सम्हाल्ने विषय मुख्य रहेको बताएका छन् ।

सर्लाही जिल्ला निर्वाचन क्षेत्र नम्बर ४ बाट प्रतिनिधिसभा सदस्यका उम्मेदवार रहेका सभापति थापाले आगामी पाँच वर्षमा जन भावना अनुसार सरकारले काम गर्नुपर्ने चुनौती रहेको बताए ।



उनले भने, 'अब सिंहदरबार पनि जल्नु हुँदैन, गोली पनि चल्नु हुँदैन । हामीले कर्तव्यबोध गरेर काम गर्नुपर्छ । सुशासन कायम गर्नुपर्छ । जनता कुशासनले आजित भएका छन्, हामीले सुधार गर्नुपर्ने धेरै कुरा छन् । युवालाई रोजगारी चाहिएको छ, स्वास्थ्य र शिक्षा जस्ता आधारभूत विषयमा काम गर्नुपर्ने छ । त्यसैले देश सम्हाल्न राष्ट्रिय दलले कर्तव्य बोध गरेर काम गर्नुपर्ने हुन्छ ।'

सभापति थापाले देशमा जोशसँगै होसका साथ र उत्साहसँगै अनुभवका साथ आगामी दिनमा काम गर्नुपर्ने दायित्व रहेको बताए । जनतालाई परिणाम दिनुपर्ने समय आएको उल्लेख गर्दै उनले अब आनाकानी गर्ने छुट नभएको बताए । सबै दललाई साथमा लिएर स्थायित्व हुने काम गर्नुपर्ने सभापति थापाको भनाइ थियो ।

कांग्रेसले नतिजा दिने गरी काम गर्ने सभापति थापाले बताए ।

सर्लाही-४ का मतदातासँग भेटघाट गर्दै उनले प्राथमिकताका आधारमा शिक्षा, स्वास्थ्य, कृषिलगायतका क्षेत्रमा काम गर्ने प्रतिबद्धता व्यक्त गरे ।

# आयोगद्वारा 'डिजिटल' मतदाता शिक्षा अभियान सुरु, वडा-वडामै खटिए स्वयंसेवक

**काठमाडौं/मस-** निर्वाचन आयोगले आगामी निर्वाचनलाई लक्षित गर्दै देशव्यापी विशेष मतदाता शिक्षा अभियान सुरु गरेको छ । फागुन ३ गतेदेखि सुरु भएको अभियान फागुन १७ गतेसम्म सञ्चालन हुने आयोगले जनाएको छ ।

आयोगका सूचना अधिकारी सुमन घिमिरेका अनुसार विगतका निर्वाचनमा देखिएका कमजोरीलाई सुधार गर्ने उद्देश्यले यस पटक आयोगले आफ्नै नेतृत्वमा अभियान सञ्चालन गरेको हो । अघिल्लो निर्वाचनमा स्थानीय तहमार्फत स्वयंसेवक परिचालन गरिए पनि अपेक्षित प्रभावकारिता नदेखिएकाले यसपटक आयोगले प्रत्यक्ष रूपमा स्वयंसेवक नियुक्त गरी तालिम दिएर वडा-वडामा खटाएको जनाएको छ । यस अभियानअन्तर्गत देशभरका प्रत्येक वडामा एक-एक जना स्वयंसेवक परिचालन गरिएको छ। उनीहरूले घरदैलो, विद्यालय तथा बस्तीस्तरमा पुगेर नमूना मतपत्र र स्वस्तिक छापको प्रयोगमार्फत सही तरिकाले मतदान गर्ने विधि सिकाउनेछन्। मत बदर हुन नदिन आवश्यक जानकारी प्रदान गर्नु स्वयंसेवकहरूको मुख्य जिम्मेवारी रहनेछ ।



यस पटकको अभियानको मुख्य विशेषता 'डिजिटल मतदाता शिक्षा' रहेको आयोगले जनाएको छ । कागजको प्रयोग न्यूनीकरण गर्दै पोस्टर, पम्प्लेट र ब्रोसर छपाइ नगरी सामाजिक सञ्जालमार्फत सामग्री प्रसार गरिएको छ । आयोगको आधिकारिक फेसबुक पेज 'इलेक्सन कमिसन नेपाल'मा उपलब्ध भिडियो, एनिमेसन, पोस्टर र अन्य शैक्षिक सामग्री प्रयोग गरेर मतदातालाई जानकारी दिइनेछ । स्वयंसेवकहरूले मतदातालाई उक्त पेज फलो गर्न प्रोत्साहित गर्नेछन्, जसबाट निर्वाचनसम्बन्धी सम्पूर्ण जानकारी मोबाइलमै उपलब्ध हुनेछ ।

प्रविधिमार्फत अनुगमन अभियानको प्रभावकारिता सुनिश्चित गर्न आयोगले प्रविधिको प्रयोग गर्दै अनुगमन प्रणाली सुदृढ बनाएको जनाएको छ । प्रत्येक स्थानीय तहमा विगतमा नियुक्त निर्वाचन सम्पर्क व्यक्तिलाई अनुगमनकर्ताको जिम्मेवारी दिइएको छ । स्वयंसेवकहरूको दैनिक कार्यसम्पादन ह्वाट्सएप ग्रुपमार्फत केन्द्रबाटै अनुगमन भइरहेको छ ।

सूचना अधिकारी घिमिरेले मतदाता शिक्षा कुनै पनि निर्वाचनको अभिन्न अंग भएको उल्लेख गर्दै डिजिटल माध्यममार्फत पहुँच विस्तार र पारदर्शिता बढ्ने विश्वास व्यक्त गरे। आयोगका अनुसार फागुन १७ गतेसम्म देशभर सक्रिय रूपमा अभियान सञ्चालन हुनेछ ।

# सर्लाहीमा सव-इन्जिनियरमाथि गोली प्रहार, उपचारका क्रममा मृत्यु

**घनश्याम बलाम्पाकी/मध्यान्ह**
सर्लाही, ३ फागुन

सर्लाहीमा अज्ञात व्यक्तिको गोली प्रहारबाट इन्जिनियरको मृत्यु भएको छ ।

मलंगवास्थित पूर्वाधार विकास कार्यालयमा कार्यरत ३२ वर्षीय प्रमोद यादवमाथि मलंगवा नगरपालिका-१० स्थित भाडाको कोठामा बेलुका करिब ८ बजे गोली प्रहार भएको प्रहरीले जनाएको छ ।



जिल्ला प्रहरी कार्यालय सर्लाहीका अनुसार छातीमा गोली लागेर गम्भीर घाइते भएका यादवलाई तत्काल उपचारका लागि प्रादेशिक अस्पताल मलंगवा लगिएको थियो । तर उपचारकै क्रममा चिकित्सकले उनलाई मृत घोषणा गरेका थिए ।

मूल घर सिरहा भएका यादव श्रीमतीसँगै मलंगवा-१० मा भाडामा बस्दै आएका थिए । उनको शव हाल प्रादेशिक अस्पतालमै राखिएको छ ।

UAE मा रोजगार
कम्पनी: FARNEK MANPOWER SUPPLY SERVICES - SOL PROPRIETORSHIP L.L.C शहर: ABU DHABI
पूर्व स्वीकृत मितिः २०८२/११/०३ चलानी नं.: ६०२५२५०३ L.T. No.: 339110

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Worker/Packer | 200 | 0 | स. काममा दक्ष | 1000 | ३९,४०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: FARNEK MANPOWER SUPPLY SERVICES - SOL PROPRIETORSHIP L.L.C शहर: ABU DHABI
पूर्व स्वीकृत मितिः २०८२/११/०३ चलानी नं.: ६०२५२५०४ L.T. No.: 339109

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Worker/Packer | 200 | 0 | स. काममा दक्ष | 1000 | ३९,४०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाण्डौमा २०८२ फागुन ११ गते (23 February 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Licence No.: 915/067/68
SHAN A.B. INTERNATIONAL PVT. LTD.
Maharajgunj Chowk (Near to Bhat Bhateni Supermarket), Kathmandu
Tel : 01- 4378890, 4378054, 9851002996, 9849149768, 9849070439, 9851085987
9851190336, 9801323816, 9815349575, 9763241719, 9703459045, 9769036094

### प्रतिनिधिसभा निर्वाचन

# बैंक वा वित्तीय संस्थाबाहेक अन्य माध्यमबाट खर्च नगर्न–नगराउन आयोगको निर्देशन

**काठमाडौं/मस–** निर्वाचन आयोगले उम्मेदवारले निर्वाचनसम्बन्धी खर्च गर्दा बैंक वा वित्तीय संस्थाबाहेक अन्य माध्यमबाट खर्च गर्न गराउन नहुने भनी राजनीतिक दलहरुलाई फेरि निर्देशन दिएको छ ।

निर्वाचनसम्बन्धी खर्च गर्दा बैंक वा वित्तीय संस्थाबाहेक अन्य माध्यमबाट खर्च गर्न गराउन नहुने भनी आयोगले यसअघि पनि निर्देशन दिँदै आएको छ । २५ हजारभन्दा बढी आर्थिक सहयोग प्राप्त गर्दा बैंक वा वित्तीय संस्थामा छुट्टै खाता खोली सोही खाताबाट सहयोग लिने र खर्च गर्नुपर्ने आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले आइतवार जारी विज्ञप्तिमा उल्लेख छ । आयोगले खर्चको बिल भरपाई तथा बैंक वा वित्तीय संस्थामा रहेको खाताको विवरण पेश गर्न आदेश दिएमा सक्कल बिल भरपाई तथा बैंक वा वित्तीय संस्थाको खाताको विवरण पेस गर्नुपर्ने विज्ञप्तिमा उल्लेख छ ।

'निर्वाचन प्रचारप्रसारमा खर्च गर्दा आफू वा आफ्नो निर्वाचन प्रतिनिधि मार्फत् मात्र खर्च गर्ने र आयोगले तोकेको निर्वाचन खर्चको हदभन्दा बढी खर्च गर्न वा गराउनुहुँदैन, निर्वाचन प्रचारप्रसार गर्दा राजनीतिक दल वा उम्मेदवारले निर्वाचन घोषणापत्र बनाइ सोको आधारमा प्रचारप्रसार गर्ने, मतदाताको जानकारीका लागि सार्वजनिक गर्ने, उक्त घोषणापत्र राजनीतिक दलले आयोगमा र उम्मेदवारले सम्बन्धित निर्वाचन कार्यालयमा पेस गर्नुपर्छ', प्रवक्ता भट्टराईले भने ।

निर्वाचन प्रचारप्रसार अभियानमा प्रचलित सङ्घीय कानुन वा निर्वाचन आचारसंहिताले निषेध गरेको काम कारवाही गर्न वा गराउनका लागि कुनै प्रकारले आर्थिक सहयोग लिन वा काम कारबाहीका लागि खर्च गर्न वा गराउन नहुने, निर्वाचन प्रचारप्रसारमा भएको आम्दानी र खर्चको विवरण निर्वाचन परिणाम घोषणा भएको मितिले ३५ दिनभित्र सम्बन्धित दलले आयोगमा र उम्मेदवारले जिल्ला वा प्रदेश निर्वाचन कार्यालयमा बुझाउनुपर्ने आयोगको निर्देशन छ ।



जुलुस वा आमसभामा भाग लिने वा प्रचारप्रसार गर्ने दल वा व्यक्तिले दल वा उम्मेदवारको निर्वाचन चिह्न वा झण्डा अंकित लोगो वा स्टीकर वा कपडा, टोपी वा क्याप, भेष्ट, टिसर्ट, ज्याकेट, कमिज, गम्छा, व्याच, मास्क वा लकेट लगाउन वा झोला बोक्न नहुने र जुलुस, आमसभा, कोणसभा, भेला वा प्रचारप्रसारका कार्यक्रम गर्दा बिहान ७ बजेदेखि साँझ ७ बजेसम्म मात्र गर्नुपर्ने आयोगको निर्देशन छ । दलको झण्डाको वा दल वा उम्मेदवारको चुनाव चिन्हको तोरण बनाइ सार्वजनिक प्रदर्शन गर्न वा गराउन नहुनेतर्फ आयोगले दलहरुलाई सचेत गराएको छ ।

**एक करोड ९१ लाख मतपत्र छपाइ सकियो, अब करिब १२ लाख बाँकी**

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि ६७ जिल्लाका १ सय ५५ निर्वाचन क्षेत्रको मतपत्र छपाइ सम्पन्न गरी प्याकिङ बनाएर ढुवानीका लागि तयारी अवस्थामा राखिएको निर्वाचन आयोगले जनाएको छ । आइतबारसम्म एक करोड ९१ लाख २४ हजार मतपत्र छपाइ भएर ढुवानी गर्न तयारी अवस्थामा राखिएको आयोगका सहायक प्रवक्ता कुलबहादुर जिसीले बताए । बाँकी १० जिल्लाको पनि मतपत्र छपाइ भएको छ भने प्याकिङ बाँकी रहेको उनले बताए । अब ११ लाख ९९ हजार मतपत्रमात्र छाप्न बाँकी रहेको छ ।

हालसम्म डोल्पा, मुगु, जुम्ला, कालीकोट, हुम्ला, जाजरकोट, दैलेख, रुकुम (पश्चिम भाग), सल्यान, सुर्खेत, बाजुरा, अछाम, बझाङ, डोटी, डडेल्धुरा, दार्चुला, बैतडी, कैलाली, कञ्चनपुर, पाँचथर, इलाम, तेह्रथुम, भोजपुर, ओखलढुङ्गा, सुनसरी, ताप्लेजुङ, सङ्खुवासभा, सोलुखुम्बु, खोटाङ, धनकुटा, बागलुङ, गुल्मी, झापा, गोरखा, म्याग्दी, पर्वत, बर्दघाट सुस्ता पश्चिम (नवलपरासी), मोरङ, उदयपुर, मुस्ताङ, लमजुङ, तनहुँ, स्याङ्जा, बर्दिया, रुकुम पूर्व, दाङ, बाँके, नवलपरासी (बर्दघाट सुस्ता पूर्व), पाल्पा, अर्घाखाँची, प्यूठान, रुपन्देही, रोल्पा, मनाङ, रामेछाप, सिन्धुली, रसुवा, सिन्धुपाल्चोक, कास्की, कपिलवस्तु, दोलखा, नुवाकोट, काभ्रेपलाञ्चोक, धादिङ, मकवानपुर, चितवन र सिराहा गरी ६७ जिल्लाको मतपत्र छपाइ सम्पन्न गरी ढुवानीका लागि तयारी भएको हो ।

शनिबारसम्म ६६ जिल्लाको मतपत्र छपाइ सकी प्याकिङ गरेर ढुवानीका लागि तयारी अवस्थामा राखिएको थियो । आज थप एक जिल्लाको मतपत्र छपाइ सकी प्याकिङ गरेर ढुवानीका लागि तयारी अवस्थामा राखिएको आयोगले जनाएको छ ।

अब काठमाडौं उपत्यका वरपरका जिल्लाको मात्र मतपत्र छपाइ बाँकी रहेको जनाइएको छ । अब दुई दिनमा मतपत्र छपाइ सकेर प्याकिङ गरेर ढुवानीका लागि तयारी अवस्थामा राखिने जनाइएको छ । हालसम्म १७ हजार ७२८ बाकस मतपत्र प्याकिङ भइसकेको छ ।

हाल दिनमा करिब एक हजार बाकस मतपत्र प्याकिङ र ११ देखि १५ लाखसम्म मतपत्र छपाइ भइरहेको छ । प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि जनक शिक्षा सामग्री केन्द्र लिमिटेड, सानोठिमीमा समानुपातिक निर्वाचन प्रणाली तथा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनका लागि गत पुस २२ गतेदेखि मतपत्र छपाइ सुरु भएको हो । पहिलो चरणमा १० लाख ९८ हजार २ सय नमूना मतपत्र छपाइ सम्पन्न गरी विभिन्न जिल्लामा पठाइसकिएको आयोगले जनाएको छ ।

गत पुस २६ गतेदेखि समानुपातिक निर्वाचन प्रणाली तर्फको मतपत्र छपाइ सुरु गरी माघ १३ गते दुई करोड आठ लाख ३० हजार मतपत्र छपाइ सम्पन्न गरी प्याकिङ तथा रुजुसमेत गरी ढुवानीको लागि तयारी अवस्थामा राखिएको पनि आयोगले जनाएको छ । प्रत्यक्षतर्फको निर्वाचनका लागि दुई करोड तीन लाख २३ हजार मतपत्र छाप्नुपर्ने आयोगले जनाएको छ । माघ १६ गते बिहानदेखि प्रत्यक्ष निर्वाचन प्रणालीतर्फको मतपत्र छपाइ सुरु भएको हो ।

छपाइ भएका मतपत्र शुक्रबारदेखि आयोगले पठाउन सुरु गरेको थियो । पहिलो चरणमा कर्णालीमा मतपत्र पठाइएको थियो । गण्डकी, लुम्बिनी र सुदूरपश्चिमप्रदेशका दुर्गम जिल्लामा पनि मतपत्र पठाइएको आयोगले जनाएको छ । सहरी क्षेत्र र सुगम जिल्लामा भने मतपत्र पठाउन बाँकी छ ।

### मनाइयो महाशिवरात्रि

# राष्ट्रपति र प्रधानमन्त्रीद्वारा पशुपतिनाथको दर्शन





**काठमाडौं/मस–** प्रत्येक वर्ष फाल्गुन कृष्ण चतुर्दशी मध्यरातमा परेका दिन मनाइने महाशिवरात्रि पर्व आराध्यदेव भगवान् शिवको विधिपूर्वक पूजाआराधना गरी देशभर मनाइएको छ ।

आइतबार दिउँसो १६:५२ बजेसम्म त्रयोदशी तिथि परेको थियो । त्यसपछि चतुर्दशी प्रारम्भ भएको छ । चतुर्दशी तिथि सोमबार दिउँसो १७:३५ बजेसम्म छ । मध्यरातमा चतुर्दशी तिथि आइतबार परेकाले यसै दिन महाशिवरात्रि पर्व मनाउने निर्णय गरिएको नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले जनाएको छ ।

पर ब्रह्मले फाल्गुन कृष्ण चतुर्दशीका दिन मध्यरातमा शिवरुप धारण गरेकाले मध्यरातमा चतुर्दशी तिथि परेकै दिन पूजा, आराधना, दर्शन गरे यस लोकमा सुख, शान्ति र परलोकमा सद्गति प्राप्त हुने शास्त्रीय वचन रहेको समितिका सदस्य प्रा.डा.देवमणि भट्टराईले बताए ।

वैदिक सनातन हिन्दू धर्मावलम्बीहरू आज बिहानैदेखि नदी, कुण्ड र तलाउमा स्नान गरी शिवालयमा गई श्रद्धाभक्तिपूर्वक पूजाआराधना गर्दछन् । शिवजी उत्पत्ति हुनुभएको रातका नामबाट नामकरण भएको यो पर्व कालरात्रि, मोहरात्रि, सुखरात्रि र शिवरात्रि नामक चार प्रमुख रात्रिमध्ये एक पवित्र पर्वका रूपमा शिव पुराणलगायतका ग्रन्थमा उल्लेखित छ । फाल्गुन कृष्ण चतुर्दशीका दिन मनाइने यस पर्वलाई दीनदुःखी र कष्टपूर्ण अवस्थामा रहेका प्राणीको ह्दयमा धर्मको उदय गराउने आशुतोष भगवान् शिवको अतिप्यारो दिनका रूपमा पनि लिइन्छ । माघ महिनामा महादेवको रुद्रत्व अर्थात् जगत्लाई रुवाउने वा संहार गर्ने तत्वले गर्दा पत्रविहीन भई जीर्ण भइरहेका रूख, बिरुवा तथा झारहरू उनै महादेवको शिवत्व (जगत्को कल्याण गर्ने तत्व)ले गर्दा फागुनमा पलाउन थाल्ने हुनाले शिवरात्रि मनाउने गरिएको हो भन्ने भनाइ छ ।

व्रतमध्ये सर्वोत्तम कहलिएको महाशिवरात्रिका दिन आज भक्तजनले शुद्ध भई शिव मन्दिरमा पूजाअर्चना गरी व्रत बस्ने र भगवान् शिवको प्रिय वस्तु दूध, धतुरो र बेलपत्र चढाउने गर्छन् । यस पर्वका दिन उपवास गरी रातभर जाग्राम बसे सर्वसिद्धि लाभ भइ यमलोक जानु नपर्ने धार्मिक विश्वास छ । आइतबारको दिन भगवान् महादेवलाई जाडो हुने जनविश्वासले प्रत्येक घर, चोक र मठमन्दिरमा दाउरा मागेर धुनी जगाई भजनकीर्तनका साथ सोही आगोमा प्रसाद बनाइ ग्रहण गरिन्छ ।

राष्ट्रिय सांस्कृतिक पर्वका रूपमा रहेको यो दिन आइतबार पशुपतिनाथमा रातको चार प्रहरमा चार प्रकारका पूजाका अतिरिक्त महादीप, अखण्डदीप, लक्ष्यबत्ती तथा दीपोत्सवका साथै लाख बेलपत्र अर्पण गरिन्छ । कैलाशकुट र किरातेश्वरका संगीत आश्रममा शास्त्रीय नाचगान गरिन्छ ।

राष्ट्रपति रामचन्द्र पौडेलले महाशिवरात्रिको अवसरमा पशुपतिनाथको दर्शन एवं पूजाआराधना गरेका छन् । महाशिवरात्रि २०८२ का अवसरमा राष्ट्रपति पौडेलले प्रथम महिला सबिता पौडेलसहित आइतबार अपराह्न पशुपतिनाथको दर्शनसहित पूजाआराधना गरेका हुन् ।

उनलाई पशुपतिनाथ मन्दिरका मूल भट्टले चन्दन र फूलप्रसाद प्रदान गरेका थिए । मन्दिर परिसरमा राष्ट्रपति पौडेललाई पशुपति क्षेत्र विकास कोष सञ्चालक परिषद्का अध्यक्षसमेत रहेका संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री अनिलकुमार सिन्हासहितका मन्त्रीहरू, मन्त्रालयका सचिव तथा कोषका पदाधिकारी, स्थानीय नियकायका प्रतिनिधि, गुठी संस्थानका उच्चपदस्थ अधिकारीलगायतका कर्मचारीले स्वागत गरेका थिए । महाशिवरात्रिका अवसरमा हरेक वर्ष राष्ट्र प्रमुखद्वारा पशुपतिनाथको पूजाआराधना गर्ने परम्परा छ ।

यसैबीच महाशिवरात्रिका अवसरमा प्रधानमन्त्री सुशीला कार्कीले पशुपतिनाथको दर्शन गरी पूजाआराधना गरेकी छिन् ।

# एक करोडको अक्षयकोष स्थापना



**म्याग्दी/मस–** म्याग्दीको सिमानामा रहेको बागलुङको ताराखोला गाउँपालिका-४ मा रहेको नेपाल माविले स्थापना गरेको अक्षयकोषमा एक करोड संकलन भएको छ ।

गत माघ २५ देखि यही फागुन १ गतेसम्म विविध कार्यक्रमसहित मनाइएको ५७औं स्थापना दिवस कार्यक्रममा प्राप्त भएको ३७ लाखसहित उक्त रकम सङ्कलन भएको हो । प्राविधिकतर्फ पशुविज्ञान विषयमा दश जोड दुई तहको पठनपाठन सञ्चालन गरेको विद्यालयको शैक्षिक र भौतिक विकासमा परिचालन गर्ने उद्देश्यले स्थापना गरिएको अक्षयकोषमा हालसम्म एक करोड दुई लाख संकलन भएको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष पदम खत्रीले बताए ।

'दाताहरूले आफ्ना दिवङ्गत अभिभावक र दिवङ्गत भएका पूर्वविद्यार्थीहरूको स्मृतिमा उनीहरूका अभिभावकले अक्षयकोषमा सहयोग गर्नुभएको छ', उनले भने, 'विदेशमा रहेका ताराखोलावासीहरू आबद्ध सङ्घसंस्था र व्यवसायीहरूले व्यक्तिगत रूपमा पनि सहयोग गर्नुभएको छ ।'

विद्यालयको आन्तरिक स्रोतको कोषमा रहेको ६५ लाखबाट सुरु गरिएको अक्षयकोषमा ५६औं वार्षिकोत्सवका अवसरमा गत वर्ष १५ लाख सहयोग प्राप्त भएको थियो । अक्षयकोषलाई वृद्धि गरेर रु दुई करोड बनाउने र सोको ब्याजबाट विद्यालयले पठनपाठनमा गरेको नमूना अभ्यासलाई निरन्तरता दिन परिचालन गरिने अध्यक्ष खत्रीले जानकारी दिए ।

अक्षयकोषमा गलकोट समाज जापानले पाँच लाख, जितबहादुर खत्रीले तीन लाख, टीकाराम कँडेलले रु दुई लाख, गैरआवासीय नेपाली संघ जापानले एक लाख ५० हजार, यमबहादुर खत्रीले एक लाख, भीमबहादुर पाण्डेको परिवारले एक लाख, कर्णबहादुर केसीले दुई लाख ११ हजार १११, हुमाकुमारी कँडेलले रु दुई लाख, रती घर्तीले ६५ हजार, पोकबहादुर घर्तीले ५० हजार र चित्रप्रसाद गौचनले एक लाख सहयोग गरेका छन् ।

त्यसैगरी, राम चालिसेले तीन लाख ५० हजार र प्रकाश थापाले तीन लाख ५० हजार, लाखिम गैरेले ५० हजार र भक्त चोखालले ५० हजार सहयोग गर्नुभएको छ । यसैगरी स्वर्गीय हरिबहादुर चोखालको स्मृतिमा उनका बुबा पोकबहादुर चोखालको चार लाख ५५ हजार सहयोगमा विद्यालय भवनमा एक कोठा निर्माण भएको छ ।

चार सय ११ जना विद्यार्थी अध्ययनरत विद्यालयका विद्यार्थीको साधारणतर्फ सरदर सिकाइ उपलब्धि ५५.९५ र प्राविधिक धारतर्फका विद्यार्थीको सिकाइ उपलब्धि ६५.१५ प्रतिशत रहेको प्रअ प्रकाश रोकाले जानकारी दिए ।

संघीय सरकारको नमूना विद्यालय कार्यक्रममार्फत ३४ कोठा क्षमताको पाँचवटा भवन निर्माण सकिएको र एक भवन निर्माणाधीन छ । एघारकोठे एक छात्रावास, १३ कोठे शौचालय, कम्प्युटर, विज्ञान प्रयोगशाला र पशु विज्ञान प्रयोगशाला स्थापना भएको छ ।

कक्षा ८ सम्म अंग्रेजी माध्यमबाट पठनपाठन गराउने गरिएको छ । कोरियाको संस्थाको सहयोगमा सूचना प्रविधियुक्त अत्याधुनिक मल्टिमिडिया र प्रविधियुक्त कम्प्युटर विषयको पठनपाठन हुने कक्षा कोठा पनि रहेको छ ।

ताराखोला गाउँपालिकाका अध्यक्ष धनबहादुर विकले नेपाल माविलाई आवासीय विद्यालयका रूपमा सञ्चालन गर्ने, स्कुल बसको सुविधा थप गर्ने र क्याम्पससमेत स्थापना गर्ने योजना रहेको बताए ।

# नेपाली सेनाले हर्षोल्लासका साथ मनायो २६३औं स्थापना दिवस

**काठमाडौं/मस–** नेपाली सेनाले टुँडिखेलमा विशेष समारोह आयोजना गरी आफ्नो २६३ औं स्थापना दिवस र महाशिवरात्रि पर्व मनाएको छ । राष्ट्रपति र प्रधानमन्त्रीको उपस्थितिमा विभिन्न सैन्य कला र परेड प्रदर्शन गरिएको थियो ।

काठमाडौंको सैनिक मञ्च टुँडिखेलमा आयोजित एक विशेष समारोहकाबीच नेपाली सेनाले आफ्नो स्थापना दिवस तथा महाशिवरात्रि पर्व भव्य रूपमा मनाएको छ । प्रत्येक वर्ष महाशिवरात्रिको पावन अवसरमा सेनाले यो दिवस मनाउने गर्दछ । यस वर्षको समारोहमा प्रमुख अतिथिको रूपमा राष्ट्रपति रामचन्द्र पौडेलको उपस्थिति रहेको थियो भने अन्तरिम सरकारका प्रधानमन्त्री सुशीला कार्की लगायत अन्य विशिष्ट अधिकारीहरूको सहभागिता थियो । सो अवसरमा नेपाली सेनाका टुकडीहरूले मार्च पास्ट, खुकुरी ड्रिल र विभिन्न युद्धकला प्रदर्शन गरेका थिए । साथै, हेलिकप्टरबाट पुष्पवृष्टि र प्यारासुट जम्पजस्ता साहसिक हवाई प्रदर्शनीले दर्शकहरूलाई मन्त्रमुग्ध पारेको थियो ।



ऐतिहासिक रूपमा हेर्दा विक्रम संवत १८१९ मा पृथ्वीनारायण शाहले आधुनिक नेपालको एकीकरण अभियान शुरु गरेदेखि नै नेपाली सेनाको जग बसिएको मानिन्छ । यो गौरवपूर्ण इतिहास बोकेको सेनाले आज विश्व शान्ति स्थापना र राष्ट्रिय सुरक्षामा पुर्याएको योगदानको उच्च कदर गरिन्छ ।

# पशुपतिमा क्रिएसनबाट पाँच सय सफाइकर्मी परिचालन

**काठमाडौं/मस–** क्रिएसन नेपालले सफा गरौं अभियान अन्तर्गत महाशिवरात्रि पर्वको अवसरमा पाँचसय भन्दा बढी सफाईकर्मी परिचालन गरी बृहत् सरसफाइ गरेका छन् ।

दि कोकालाकोला फाउण्डेसनको सहयोगमा क्लाइमेट स्मार्ट सिटिज परियोजना अन्तर्गत क्रिएसन नेपालले सञ्चालन गरेको सफा गरौं अभियान अन्तर्गत करिब पाँच सय भन्दा बढी सफाइकर्मीहरु परिचालन गरी पशुपतिक्षेत्रमा सरसफाइ अभियान सञ्चालन गरिएको क्रिएसनका कार्यक्रम निर्देशक सुजाता कोइरालाले बताइन् । महाशिवरात्रिको अवसरमा पशुपतिनाथ क्षेत्रभित्र दर्शनार्थीहरुको लाखौंको संख्यामा घुईंचो लाग्ने भएको हुँदा फोहोरमैला पनि व्यापक हुने भएको हुनाले निजी क्षेत्रमा कार्यरत सफाइकर्मीहरुसँग मिलेर अभियानको रुपमा हरित शिवरात्रि अभियान सञ्चालन गर्न लागिएको क्रिएसन नेपालका महासचिव रोशना सुवेदीले बताइन ।




महासचिव सुवेदीका अनुसार विभिन्न निजी क्षेत्रका सरसफाइ गर्ने संस्थाहरुको सहकार्यमा करिब दुई भन्दा बढी स्वंयसेवक परिचालन गरी महाशिवरात्रीको एक दिन अगाडि देखि नै मुख्य क्षेत्रलाई सरसफाइ गरिएको उनले बताइन् ।

सरसफाइ अभियान अन्तर्गत करिब पाँच सयको संख्यामा रहेका स्वयंसेवकहरुले लगातार तीन दिनसम्म पशुपतिक्षेत्रमा सरसफाइ गतिविधि सञ्चालन गर्ने क्रिएसन नेपालका कार्यक्रम निर्देशक कोइरालाले जानकारी गराइन् । उक्त अवसरमा कोकाकोला फाउण्डेसनले महाशिवरात्रिको अवसरमा दर्शन गर्न आउने दर्शनार्थी तथा भक्तजनहरुका लागि निःशुल्क रुपमा कोकाकोला कम्पनीका उत्पादनहरु वितरण गरेका थिए । क्रिएसन नेपालले सरसफाइ अभियानलाई सफल बनाउन पशुपति क्षेत्र विकास कोषसँग बृहत् सहकार्य गरेका थिए ।

मध्यान्ह
www.madhyanhadaily.com
४ फागुन २०८२ सोमबार
16 February 2026 Monday

## सम्पादकीय

### नेपाललाई बंगलादेशको सन्देश

दक्षिण एसियाली मुलुक बंगलादेशमा भएको आमचुनावको अहिले चर्चा छ । उथलपुथलकारी विद्यार्थी आन्दोलनपछि सम्पन्न निर्वाचनले अस्थिरतालाई अन्त्य गर्दै त्यहाँ नयाँ राजनीतिक अध्याय सुरु भएको मानिएको छ । यो नियमित आवधिक चुनाव थिएन । विद्यार्थी आन्दोलनबाट सत्ता परिवर्तनपछि गरिएको निर्वाचन भएकाले पनि त्यसलाई विशेष मानिएको थियो । दुई वर्षअघि भएको निर्वाचनमा अवामी लिग विजयी भएको थियो र शेख हसिनाको नेतृत्वमा सरकार बनेको थियो । तर धाँधली भएको र लोकतान्त्रिक प्रक्रिया मिचिएकोभन्दै आन्दोलन सुरु भयो । लामो समयअघि मात्र चुनावबाट शासनमा रहेको नेतृत्वप्रति असन्तुष्टि चुलिँदै जाँदा विद्यार्थीहरूले सडक आन्दोलन गरे । आन्दोलन आक्रामक हुँदा हिंसात्मक बन्दै गयो । झण्डै चौध सय जनाको ज्यान भएपछि आन्दोलन सम्हालिसक्नु भएन् । अन्ततः सरकार ढल्यो । तत्कालीन प्रधानमन्त्री शेख हसिना देश छाडेर भारतको शरणमा गईन् । स्वतन्त्र व्यक्तिको नेतृत्वमा बनेको चुनावी सरकारले तोकेको समयभन्दा ढिलै भए पनि चुनाव गरेर सत्ता हस्तान्तरणको प्रक्रियामा गएको छ । शेख हसिनाको दल अवामी लिगलाई चुनावी प्रतिस्पर्धाबाटै बाहिर राखियो भने बंगलादेश नेसनलिस्ट पार्टी (बिएनपी)सहित नयाँ र पुराना दलहरू सहभागी भए ।

निर्वाचनबाट बिएनपीलाई झण्डै दुई तिहाई बहुमत प्राप्त भएको छ । नयाँ नेता तारिक रहमानको नेतृत्वमा तीन सयमध्ये २०९ सिट जितेर सो दलले सरकार बनाउने जनादेश प्राप्त गरेको छ । पुरानो शक्ति भए पनि नयाँ अनुहार प्रस्तुत गरेर बिएनपीले मतदाताको विश्वास जितेको देखिन्छ । सँगै आन्दोलनको नेतृत्व गरेका युवा, नयाँ र पपुलिष्ट शक्तिहरूले अपेक्षित जनमत प्राप्त गर्न सकेनन् । विद्यार्थी आन्दोलनले परिवर्तनको चाहना देखाए पनि बंगलादेशी मतदाताले स्थायित्व, अनुभव र संगठनलाई विश्वास गरेको देखिन्छ । नयाँ नाराभन्दा ज्यादा शासन चलाउन सक्ने क्षमतालाई आधार मानेर पुरानै दल अनुमोदन गरेको बुझ्न कठिन छैन । यसले निराशा, आक्रोस र असन्तुष्टिले तत्कालीन सत्ता ढाले पनि नयाँले जनताको विश्वास जित्न समय लाग्ने देखाउँछ ।

बंगलादेशको विद्यार्थी र नेपालको जेनजी आन्दोलनलाई एकै आँखाले हेरिँदैआएको छ । बंगलादेशमा जति ठूलो मानविय क्षति नभए पनि दुई दिने आन्दोलनले विघटित संसद्का दुई ठूला दलको बलियो सरकार ढालिदिएको थियो । आन्दोलनको ६ महिनापछि २१ फागुनमा प्रतिनिधिसभा सदस्य निर्वाचन हुँदैछ । यहीबेला आएको बंगलादेशको चुनावी नतिजाले नेपालमा पनि चासो बढाएको छ । नेपालमा पनि नयाँ र पुराना शक्तिबीचको चुनावी प्रतिस्पर्धाको पूर्वानुमान छ । बंगलादेशमा जस्तै आन्दोलनमा प्रत्यक्ष संलग्न दल चुनावी मैदानमा छैन । गत निर्वाचनबाट उदाएको रास्वपा र भर्खरै खुलेका श्रम संस्कृति पार्टी, उज्यालो नेपाललगायतका दलहरूले आफूलाई नयाँ शक्तिको प्रतिनिधि बताइरहेका छन् । राष्ट्रव्यापी रूपमा भने नेपाली कांग्रेस, नेकपा (एमाले), नेपाली कम्युनिष्ट पार्टी र रास्वपाबीच मुख्य प्रतिस्पर्धा हुने अनुमान छ । यस्तोमा नयाँ वा पुराना भनेर होइन्, स्पष्ट दृष्टि, सुशासनको प्रतिबद्धता र जवाफदेहिता हेरेर मतदाताले आफ्नो मत जाहेर गर्नुपर्ने हुन्छ । हरेक आन्दोलनले आशा त जगाउँछ, तर सही प्रतिनिधि छनौट गरिएन् भने न जनचाहना पूरा हुन्छ, न त लोकतन्त्रको स्थायित्व सुनिश्चित हुन्छ । देश परिवर्तनको आकांक्षा र संकल्प मतपेटिकाबाट गरिने परिपक्व निर्णयबाट मात्र सम्भव छ ।

# बौद्धिक आप्रवासन र समृद्धिको कल्पना

*आसन्न निर्वाचनका उम्मेदवार र दलहरूलाई प्रश्न छ- तपाईंहरू सरकारमा आएपछि आफ्नै दलमा आबद्ध नभएकाहरूले (स्वतन्त्र नागरिक) यो देशमा अवसर पाउँछन् कि पाउँदैनन् ? बौद्धिक जनशक्तिलाई कसरी यहीं नै टिकाउने हो, त्यसको कार्य योजना के छ ?*

अग्रलेख



● निष्णु थिङ

सरकारको एउटा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय पनि छ । भर्खरै, नेपाल श्रम आप्रवासन प्रतिवेदन-२०२४ सार्वजनिक गरेको छ। यस प्रतिवेदनले बौद्धिक श्रमको परिभाषा दिएको पाइँदैन र त्यसको तथ्यांक पनि अहिलेसम्म संकलन र सार्वजनिक गरेको छैन । मूलतः शारीरिक श्रमको सिलसिलामा विभिन्न देशमा गएका श्रमिकहरूको तथ्यांक यसमा पाइन्छ । यस आलेखमा बौद्धिक श्रम र त्यसको आप्रवासनको प्रसङ्गलाई कोट्याउने प्रयत्न गरिएको छ । बौद्धिक श्रम आप्रवासन, कुनै पनि देशको शिक्षित, दक्ष र सीपयुक्त जनशक्ति अर्को देशमा पलायन हुने प्रक्रिया हो । जस्तै : विषय विज्ञ, ज्ञानकर्मी, इन्जिनियर, चिकित्सक, अनुसन्धानकर्ता, वैज्ञानिक, प्राध्यापक, सूचना प्रविधि विशेषज्ञ, पत्रकार, साहित्यकारहरू बौद्धिक श्रमिक हुन् । तिनीहरूले गर्ने ज्ञानमा आधारित श्रमलाई बौद्धिक श्रम भन्दछन् । त्यस्ता व्यक्तिहरू एउटा देश छोडेर अर्को देशमा जानुलाई बौद्धिक श्रम आप्रवासनको रूपमा परिभाषित गर्न सकिन्छ। यसरी बौद्धिक श्रम आप्रवासन हुनुको कारण हाम्रो आन्तरिक वातावरण उचित नहुनु हो ।

**■ प्रसङ्ग एक**

यही पौष १० गते, त्रिभुवन विश्वविद्यालयको ५१ औं दीक्षान्त समारोह सम्पन्न भयो । यतिबेला सामाजिक सञ्जालमा एउटा रिल अझै भाइरल (चर्चा) भइरहेको छ। एक जना स्नातकोत्तर उत्तीर्ण विद्यार्थी त्रिवि दीक्षान्त पोसाक (गाउन) लगाएर आफ्नो शैक्षिक प्रमाणपत्र हात लिएर हस्याङ फस्याङ गर्दै दौडिँदै दशरथ रङ्गशालाबाट बाहिरिन खोज्दा उनका साथीले सोध्छन्, कता हिँडेको ? 'जवाफमा उनले, मेरो अहिले मलेसियाको उडान छ। बेलैमा गएन भने जहाज छुट्छ।' यो रिलले नेपालको शिक्षा प्रणाली र रोजगारीको स्थितिलाई दरिलो व्यङ्ग्य मात्रै गर्दैन, हामी सबैलाई ट्रोल (खिसीटिउरी) गर्दछ। पंक्तिकारसित स्नातकोत्तर गरेका अधिकांश साथीहरू पनि यसरी नै आकासिए र पाताल भासिए। नव दीक्षित ती युवाहरूले यो देशमा भविष्य देख्न सकेनन् । युवाहरूले सुन्दर भविष्यको खोजीमा देश छोडे ।

**■ प्रसङ्ग दुई**

केही वर्षअघि एक जना साथी पुतलीसडकमा भेट भयो। चिया पिउँदै गफ गर्ने क्रममा उनले सोधे, 'के गर्दै हो ?' जवाफमा भनेँ, 'एमफिल सकाएँ, अब विद्यावारिधि गर्ने योजनामा छु।' उनले तुरुन्तै भने, 'विद्यावारिधि गरेर के गर्नु ? यो देशमा कुनै दलमा नलागी केही अवसर पाउने होइन।' केही समयको बसाइपछि छुटेर आ-आफ्नो बाटो लाग्यौं । मलाई त्यो कुराले धेरै दिनसम्म लखेटिरह्यो। वास्तवमा उनले नेपाली समाजमा अहिले चलिरहेको सत्यलाई ओकलेका हुन् । दलमा आबद्ध नभई सामान्य दैनिकी चल्न पनि मुस्किल हुने परिस्थिति निर्माण गरेको छ। अवसर पाउन परै जाओस् !

**■ प्रसङ्ग तीन**

पंक्तिकारलाई स्नातकोत्तरमा अध्यापन गर्ने प्राध्यापक डा. हरि अधिकारीले विभागीय प्रमुखबाट अनावश्यक आरोप खेपेपछि नैतिकताको आधारमा राजीनामा दिए । उनले व्यक्तिगत कुराकानीमा आफूमाथि अन्याय भएको सुनाएका थिए । उनलाई निकै पीडा बोध भएछ । उनी त्रिविको स्थायी प्राध्यापकबाट राजीनामा दिएर केही समयपछि हिँडे । उनी अहिले चीनको राम्रो विश्वविद्यालयमा प्राध्यापन गर्दछन् । कहिलेकहीँ कुराकानी हुन्छ । त्यसैगरी, डा. प्रेम फ्याक पनि हैरान भएपछि राजीनामा दिएर हङकङ विश्वविद्यालय हिँडे, अहिले कोलम्बिया विश्वविद्यालय न्युयोर्कमा प्राध्यापन गर्दै छन् । यसरी राम्रो शिक्षक गुमाउनु पर्‍यो ।

मेरा एक जना नजिकका चिनेका डा. रोशनराज बराल, जसले जवाहरलाल नेहरु विश्वविद्यालयबाट विद्यावारिधि गरेर स्वदेश फर्केपछि शान इन्टरनेशनल कलेजमा क्याम्पस प्रमुखमा कार्यरत थिए। यहाँको वातावरणबाट निराश भएर उनी पनि अमेरिका भासिए । यसरी कैयन् बौद्धिक व्यक्तिहरू यहाँबाट आप्रवासन भएका छन् । बिबिसी साझा सवालका चर्चित प्रस्तोता पत्रकार नारायण श्रेष्ठ पनि सबै छाडेर अमेरिकामा भासिए । पंक्तिकारसित स्नातकोत्तरमा सँगै अध्ययन गरेका थुप्रै साथीहरू अहिले विभिन्न देशमा गए, उतै स्थायी बसोबास अनुमति पत्र लिएर बसेका छन् । यसरी बौद्धिक आप्रवासनको सूची बनाउँदै लैजाने हो भने प्रशस्त व्यक्तिहरू फेला पर्छ ।



**■ प्रसङ्ग चार**

एक जना युवा स्नातकोत्तरको अध्ययनपछि आफ्नो योग्यताले भ्याएसम्म क्याम्पस पढाउने, अध्ययन र अनुसन्धानका काममा जोडिए। सहरमा व्यस्त हुँदा गाउँमा पुर्खौली जग्गा जमिन बाझिने समस्या देशव्यापी बनेसँगै उनलाई त्यो जमिनको उपयोग गर्न मन लाग्यो । त्यसपछि उनले एउटा कृषि फार्म दर्ता गरेर आफ्नो पुर्खौली जग्गामा ड्रागन खेती सुरु गरे । मातापिताको मुख्य निगरानीमा त्यो फार्म सुरु भयो । आफूसित भएको केही रकम र थप लगानीको लागि उनले बैंकबाट ऋण लिए। पहिलो त कृषि कर्जा लिनै उनलाई हम्मे हम्मे भयो। कृषि विकास बैंक नाम मात्रैको बैंक भयो। जसले कृषिमा लगानी गर्न कुनै रुचि देखाउदैन। बरु जसले कमिशन दिन्छ, उनले सजिलै त्यो बैंकबाट कर्जा पाएको प्रत्यक्ष उनले देखे र भोगे ।

बल्ल बल्ल निकै पापड बेलेपछि मात्रै कर्जा प्राप्त भयो। छ महिनाको प्रयासमा त्यो सम्भव भयो । कर्जा लिएको करिब एक वर्षपछाडि उनी बिरामी भए । बिरामी भएपछि उनको रोजगारी बन्द भयो, आम्दानीका बाटा बन्द भयो र उपचारमा खर्च हुँदै गयो। एकातिर उपचारमा खर्च हुने र आम्दानीका बाटा बन्द भएपछि बिस्तारै आर्थिक संकटले गाँज्दै लग्यो । कृषि फार्मका आम्दानी पनि उपचार, घर व्यवहारमा खर्च गर्नु पर्ने परिस्थिति सिर्जना भयो । परिणामतः बैंकको किस्ता बुझाउन समस्या हुन थाल्यो । बैंकले उनलाई ताकेता (टर्चर) गर्न सुरु भयो। शारीरिक, मानसिक र आर्थिक रूपमा कमजोर हुँदै गएको बिरामी युवालाई बैंकको टर्चर अर्को दुःख थपियो। उनले राज्य, सरकार, दल र समाज कतैबाट सहयोग पाएनन् । परिवार मात्रै उनको एक्लो सहारा हो। आफ्नै देशमा केही गर्नु पर्छ भनेर केही गर्न खोजेका ती युवा अहिले अप्ठ्यारोमा छन्, तर उनको साथमा कोही छैन । उनीबाट राज्यले कर मात्रै असुल्ने काम गर्दै आयो तर कठिन परिस्थितिमा उनलाई टेको दिने न राज्य छ न कोही छ ।

अमेरिकामा बस्ने साथीले सुनाएका थिए, कोभिड कालमा दुई वर्षसम्म त्यहाँको सरकारले प्रतिव्यक्ति चार हजार डलर जीवन निर्वाह भत्ता दियो । पाँच जना परिवार संख्या भएको उनलाई मासिक बिस हजार डलर प्राप्त भयो। जीवन बन्दाबन्दीमै (लकडाउन) पनि राम्रैसित चल्यो। हाम्रो राज्यले कोभिड कालमा त्यस्तो राहत र सामाजिक सुरक्षाका कार्यक्रम केही ल्याउनै सकेन । यही देशमै केही गर्ने अठोट भएको युवा बिरामी परेर आर्थिक संकटमा पर्दा उनलाई कुनै किसिमको प्रोत्साहन (इन्सेन्टिभ) दिन चाहेन । उल्टै दुःख दिइरहेको छ ।

**बौद्धिक फिर्ती केन्द्र (ब्रेन गेन सेन्टर)**

नेपाल सरकारले परराष्ट्र मन्त्रालय अन्तर्गत ब्रेन गेन सेन्टर स्थापना गरेको केही वर्ष भइसक्यो । त्यो केन्द्रले अहिलेसम्म के गरिरहेको छ ? त्यसको के प्रगति हुँदैछ ? अहिलेसम्म कति जना बौद्धिक नागरिकलाई फिर्ता ल्यायो ? तिनीहरूलाई कसरी देशभित्र व्यवस्थापन गरिँदै छ ? त्यसको कुनै प्रतिवेदन सार्वजनिक भएको छैन। त्यसको मतलब त्यो केन्द्रले अहिलेसम्म केही गरेको छैन भन्ने अर्थ लाग्छ ।

औपनिवेशिक कालमा बेलायतले विश्वभरिका संशाधन (रिसोर्स) लगेर आफ्नो मुलुक बनायो । त्यसैगरी, अमेरिकाले विश्वभरिका उत्कृष्ट प्रतिभा (बेष्ट ब्रेन)लाई आफ्नो देशमा लगेर मुलुक बनाउने काम गर्‍यो । चिनियाँ कम्युनिस्ट पार्टीको पछिल्लो बिसौं जनकांग्रेसले (२०२२) विश्वभरिका उत्कृष्ट प्रतिभालाई लैजाने नीति पारित गरेको छ । संसारका अहिलेका विकसित देशहरू सबैले यसरी अरू देशका राम्रा प्रतिभालाई लगेर आफ्नो मुलुक निर्माण गर्ने काम गरे । उनीहरूले शिक्षा, स्वास्थ्य, आविष्कार, नवप्रवर्तन, विश्वविद्यालय, अन्तरिक्ष, सफ्टवेयर, बाहिरबाटै गएका एलन मस्कले फेसबुक, ट्विटरलगायतका सूचना प्रविधिमा छलाङ मारे। चीनले पोर्चुगलका पूर्व मन्त्री तथा विद्धान व्यक्ति ब्रुनो मसाइ बेइजिङमा लगेर आफ्नो मुलुक निर्माणको गति बढाइरहेको छ ।

**आसन्न निर्वाचनमा दलहरूलाई प्रश्न**

माथिको तीतो यथार्थको सन्दर्भमा केही अपवाद पनि छन् । व्यक्तिगत जोखिम लिएरै कतिपय बौद्धिक व्यक्तिहरू स्वदेश फर्केका छन् । तर यहाँको कुशासन, भ्रष्टाचार, घुसखोरी, नातावाद, कृपावाद, चरम दलीयकरण र कमसल मानिसहरूले पहुँचको भरमा अवसर पाउँदा योग्यहरूले टुलुटुलु हेर्न परिरहेको यथार्थता छ । कतिपय निराश भएर पुनः फर्केका छन् । केही यहीँ संघर्ष गरिरहेका छन् । तर कुन दिन उनीहरू पनि यो देशलाई सराप्दै जताबाट आए त्यतै जाने हुन्, थाहा छैन । यहाँको आम्दानीको तुलनामा महँगी अत्यधिक छ। छोराछोरीलाई पढाउने र बिरामी उपचार खर्च अचाक्ली महँगो छ। आसन्न निर्वाचनका उम्मेदवार र दलहरूलाई प्रश्न छ- तपाइँहरू सरकारमा आएपछि आफ्नै दलमा आबद्ध नभएकाहरूले (स्वतन्त्र नागरिक) यो देशमा अवसर पाउँछन् कि पाउँदैनन् ? अवसर पाउनको लागि के दलमै आबद्ध हुनै पर्ने हो ? एकोहोरो देश बनाउने नारा लगाइरहँदा, साँच्चिकै देश बनाउन चाहिने बौद्धिक जनशक्तिको आप्रवासनलाई कसरी निरुत्साहित गर्नहुन्छ ? बौद्धिक जनशक्तिलाई कसरी यहीँ नै टिकाउने हो, त्यसको कार्य योजना के छ ? यहीँ देशमै केही गर्न चाहने युवाहरूलाई गरिखाने वातावरण कसरी बनाउनु हुन्छ ? बाहिर (डायस्पोरामा) रहेका बौद्धिक जनशक्तिलाई कसरी आकर्षित गर्ने योजना छ ? लोककल्याणकारी र सामाजिक सुरक्षाका नयाँ कार्यक्रमहरू के के छन् ? सहज, सर्वसुलभ र कम लागतमा गुणस्तरीय शिक्षा र स्वास्थ्य प्रबन्ध गर्ने के के योजना छन् ?

*(लेखक, नेपाल खुल्ला विश्वविद्यालयमा प्राध्यापन गर्दछन् ।)*

## इतिहासमा आज

१६ फेब्रुअरी १९८३ मा भिक्टोरिया र दक्षिण अष्ट्रेलियामा लागेको डढेलोले ७५ जनाको मृत्यु भएको थियो ।



१६ फेब्रुअरी १९९१ मा निकारागुआन कन्ट्रासका चर्चित नेता एनरिक बर्मुडेजको मानागुआमा हत्या भएको थियो ।



१६ फेब्रुअरी १९९८ मा चाइना एयरलाइन्सको उडान ६७६ ताइवानको चियाङ काई-शेक अन्तर्राष्ट्रिय विमानस्थल नजिकै सडक र आवासीय क्षेत्रमा दुर्घटनाग्रस्त भएको थियो । जुन दुर्घटनामा १९६ जना यात्रु र ६ अन्यको मृत्यु भएको थियो ।



१६ फेब्रुअरी २०१३ मा पाकिस्तानको क्वेटाको हजारा टाउनको बजारमा भएको बम विस्फोटमा ८० भन्दा बढीको मृत्यु भएको थियो भने १९० जना घाइते भएका थिए । जसको जिम्मा कसैले लिएको थिएन ।



# एल्गोरिदम र लोकतन्त्र

विचार



● शंकरमान सिंह

*आगामी निर्वाचनमा एजेन्डा र विचारबिचको प्रतिस्पर्धा होइन, सामाजिक सञ्जालको प्रभावलाई लिएर हुने देखिन्छ । जहाँ मतदाताको निर्णय क्षमतामाथि एल्गोरिदमद्वारा निर्देशित सामग्रीको सबैभन्दा महत्वपूर्ण रहने सम्भावना छ ।*

हाल नेपालको राजनीतिमा डिजिटल एल्गोरिदमले पारेको प्रभावबारे गम्भीर बहस आवश्यक भइसकेको छ। सामाजिक सञ्जालका प्रणालीहरूले प्रयोगकर्तालाई योजनाबद्ध सामग्रीहरू देखाउँदा समाजमा ध्रुवीकरण र वैचारिक विभाजन बढिरहेको देखिन्छ । नीति र सिद्धान्तमा आधारित बहसको सट्टा भ्रामक सूचना, सनसनीपूर्ण सामग्री र आर्टिफिसियल इन्टेलिजेन्सको प्रयोगले चुनावी निष्पक्षतामा नयाँ चुनौती थपेको छ । विशेषगरी युवा पुस्ता डिजिटल प्लेटफर्ममा अत्यधिक निर्भर रहेकाले तथ्य र भ्रम छुट्याउन कठिन बन्दै गएको छ। यसले नागरिकको स्वतन्त्र निर्णय क्षमतामाथि प्रभाव पार्ने जोखिम बढाएको छ। त्यसैले डिजिटल साक्षरता, पारदर्शी नियमन र मतदाता सचेतना लोकतन्त्र जोगाउने अनिवार्य आधार बनेका छन् ।

एल्गोरिदम भनेको कम्प्युटरद्वारा निर्धारित नियमहरूको सेट हो, जसले प्रयोगकर्तालाई कुन सामग्री देखाउने भन्ने निर्णय गर्छ। यसको मुख्य उद्देश्य प्रयोगकर्तालाई सकेसम्म धेरै समय स्क्रिनमा अल्झाइराख्नु हो । कुन सामग्रीमा कति समय रोकिने, भिडियो पूरा हेर्ने वा आंशिक हेर्ने, र कुन विषयमा बढी चासो देखाउने भन्ने कुरा एल्गोरिदममा निर्भर हुन्छ। लाइक, कमेन्ट, सेयर र प्रोफाइल भिजिटका आधारमा रुचि पहिचान गर्ने, सुरुमा सानो समूहलाई सामग्री देखाउने, राम्रो प्रतिक्रिया पाएमा यसको पहुँच हजारौं प्रयोगकर्तासम्म विस्तार गर्ने खेल यसमा हुन्छ। यस प्रक्रियाका कारण गम्भीर र नीतिगत बहसभन्दा सनसनीपूर्ण तथा भावनात्मक सामग्रीले बढी प्राथमिकता पाउने अवस्था सिर्जना भएको छ ।

नेपालको आगामी निर्वाचनमा करिब १.९ करोड मतदाताले मत हाल्नेछन् । यस निर्वाचनमा डिजिटल प्लेटफर्मको भूमिका केन्द्रीय रहने निश्चित देखिन्छ । सामाजिक सञ्जालमा राजनीतिक बहस नीतिगत विमर्शभन्दा समर्थन र विरोधका दुई कित्तामा सीमित हुँदै गएको छ । एल्गोरिदमले पुराना दलका कमजोरी र नयाँ शक्तिका भावना प्रधान नारालाई समान रूपमा उछाल्दा समाजमा कृत्रिम ध्रुवीकरण गहिरिँदै गएको छ ।

अब लोकतन्त्र केवल मतदान प्रक्रियामा सीमित छैन; यो नागरिकको मानसिक सुरक्षा, सूचनाको शुद्धता र विश्वाससँग पनि जोडिएको छ । जसकारण निर्वाचनमा एजेन्डा र विचारबिचको प्रतिस्पर्धा होइन, सामाजिक सञ्जालको प्रभावलाई लिएर हुने देखिन्छ । जहाँ मतदाताको निर्णय क्षमतामाथि एल्गोरिदमद्वारा निर्देशित सामग्रीको सबैभन्दा महत्वपूर्ण रहने सम्भावना छ। अन्तर्राष्ट्रिय अनुभवले पनि एल्गोरिदम र एआईको राजनीतिक प्रभाव देखाइसकेको छ। सामाजिक सञ्जालका सिफारिस प्रणालीहरूले रिस, डर र आक्रोश पैदा गर्ने सामग्रीलाई प्राथमिकता दिँदा राजनीतिक बहसको स्वरूप बदलिएको उदाहरणहरू छन् । नेपालले यी अनुभवबाट पाठ सिक्दै प्रविधि र राजनीतिबिच सन्तुलन कायम गर्नुपर्ने आवश्यकता छ ।

नेपालले आफ्नो लोकतान्त्रिक भविष्य सुरक्षित गर्न केही उपायहरू अवलम्बन गर्नुपर्छ । जसमा नागरिकलाई आधिकारिक सूचना र एल्गोरिदमद्वारा प्रवर्द्धित प्रचारबिच भिन्नता छुट्याउन सक्षम बनाउने, सामाजिक सञ्जाल कम्पनीहरूले आफ्ना सिफारिस प्रणाली कसरी काम गर्छन् भन्नेबारे स्पष्टता दिने, दलहरूले एल्गोरिदमलाई प्रोपोगान्डाको हतियार नभई संवादको माध्यम बनाउने प्रतिबद्धता जनाउने, भ्रामक सूचनालाई छिटो पहिचान र खण्डन गर्ने सक्षम निकायको विकास गराउने जस्ता कुराहरू छन् ।

राजनीतिक चन्दा लोकतन्त्र सञ्चालनको 'इन्धन' हो । दलहरू कानुनी संस्थाका रूपमा आफ्ना समर्थकबाट कोष संकलन गर्न पाउँछन् । पारदर्शी र वैधानिक चन्दाले लोकतन्त्र बलियो बनाउँछ; तर अपारदर्शी चन्दाले 'नीतिगत भ्रष्टाचार'को जग बसाल्छ । जब चन्दा विचारधाराको समर्थनबाट नीतिगत लाभको लगानीमा रूपान्तरण हुन्छ, तब मतदाताको मतभन्दा दाताको नोटको प्रभाव बढी हुन थाल्छ। नेपालमा राजनीतिक दलहरूले व्यापक सदस्यता र साना योगदानमा आधारित प्रणाली विकास नगरी सीमित व्यावसायिक समूहमा निर्भर हुनु लोकतान्त्रिक मूल्यसँग मेल खाँदैन । त्यसैले राजनीतिक वित्तलाई वैधानिक, पारदर्शी र जबाफदेही बनाउनु आजको प्रमुख आवश्यकता हो ।

नेपालको निर्वाचन अब केवल भौतिक सभा र नाराबाजीमा सीमित छैन। यदि प्रविधिको अदृश्य शक्तिलाई सही रूपमा व्यवस्थापन गर्न सकिएन भने लोकतन्त्रको आधार नै कमजोर हुन सक्छ। भविष्यमा नेपालको स्वरूप प्रविधिको जिम्मेवार प्रयोग, पारदर्शी संस्थागत संरचना र सचेत नागरिकमा निर्भर रहनेछ। लोकतन्त्र जोगाउने अन्तिम शक्ति नागरिकमै निहित छ, तर त्यसका लागि सूचना, प्रविधि र राजनीतिक संस्कारबिच सन्तुलन अपरिहार्य छ ।

## सामाजिक सञ्जाल




रञ्जित तामाङ

आफूलाई मन नपर्ने सामाजिक र राजनीतिक कुरा आउने बित्तिकै डलरे, पादरी, एमसीसीको मतियार, क्रिश्चियन भन्दै सामाजिक सञ्जालमा वाक्नेहरूले भ्यालेन्टाइन डेमा चाहिँ आफ्नो पतिपत्नीको फोटो हालेर 'ह्याप्पी भ्यालेन्टाइन डे' लेखेछन् । यिनीहरू देखेर लाज पनि लजाएर मुख रातो पार्दै भुइँतिर हेर्दो हो ।



ओमकुमार थापा

देशको राष्ट्रियता गम्भीर संकटमा छ । भदौ २३ को प्रोटेस्टमा योजनाबद्ध घुसपैठ गरी २४ मा आगजनी, तोडफोड र विध्वंस मच्चाउने अराजक तत्वहरू यो देशलाई विदेशीको क्रीडास्थल बनाउने राष्ट्रघातीहरूलाई समयमै चिन्न सकेनौं भने फुर्सदमा पछुताउनुको कुनै अर्थ रहँदैन । राष्ट्र र राष्ट्रियता बचाऔं ।



तारानाथ दाहाल

जेनजी आन्दोलनकारीको कुनै प्रतिनिधि दल छैन । जेनजी अगुवा भनेर भदौ २५-२६मा चिनिएका युवाहरू विभिन्न दलमा देखिन्छन्। बालेन, जेनजीका समर्थक थिए तर उनी आन्दोलनमा थिएनन्। नेकपा एमाले बाहेक सबै दलले अहिले सो आन्दोलनलाई समर्थन गरेका पनि छन् । तर, आम मानिसमा भने 'जेनजी नै घण्टी' भन्ने परेको छ !



राधाकृष्ण कटुवाल

२०७२ साल भूकम्पमा हजारौंको ज्यान र लाखौं घर भत्किए, तर दलहरू उद्धार र पुनर्निर्माणमा भन्दा पनि संविधान बनाउन लागे जनताले थप नाकाबन्दी व्यहोर्नु पर्‍यो। भदौ २३/२४ मा विध्वंस मच्चियो अपराधीलाई कडा कारबाही र पुनर्निर्माण गर्नुपर्नेमा चुनाव गरिँदै छ । चुनाव २४ गतेका विध्वंसकारी बचाउन हो ?

मध्यान्ह दैनिकका लागि लेख, विचार, टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुने छ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइने छ । - सं.

# ‘निर्वाचनले मुलुकको भावी दिशा निर्धारण गर्छ’

**काठमाडौं/मस–**आगामी प्रतिनिधि सभा निर्वाचनलाई सामान्य आवधिक प्रक्रिया मात्र नभई मुलुकको भावी दिशा निर्धारण गर्ने महत्वपूर्ण अवसरका रूपमा लिनुपर्ने धारणा व्यक्त गरिएको छ । नेपाली कम्युनिस्ट पार्टीका वरिष्ठ नेता तथा पूर्वउपप्रधानमन्त्री नारायणकाजी श्रेष्ठले मतदातालाई सम्बोधन गर्दै निर्वाचन परिणामले देशको भविष्यमा निर्णायक प्रभाव पार्ने बताएका हुन् ।




सर्लाही जिल्ला क्षेत्र नं. ३ मा आयोजित चुनावी कार्यक्रमहरूमा बोल्दै उनले आफ्नो दलले निरंकुश शासन अन्त्य गरी लोकतान्त्रिक गणतन्त्र स्थापनामा महत्वपूर्ण योगदान दिएको उल्लेख गरे । संविधानमार्फत दलित, जनजाति, महिला, मधेशी, मुस्लिम, श्रमिक वर्ग तथा पछाडि परेका समुदायको अधिकार सुनिश्चित गर्ने आधार तयार गरिएको दाबी पनि उनले गरे ।

संघीय शासन प्रणाली लागू भएसँगै राज्य संरचना केन्द्रबाट प्रदेश, स्थानीय तह र वडा तहसम्म विस्तार भई सेवा प्रवाह नागरिक नजिक पुगेको उनको भनाइ थियो । सुशासन र भ्रष्टाचार नियन्त्रण सन्दर्भमा विभिन्न चर्चित प्रकरणहरूमा अनुसन्धान तथा कारबाही प्रक्रिया अघि बढाइएको उल्लेख गर्दै उनले कानुनी शासन सुदृढीकरणमा जोड दिएको बताए ।

मिटरब्याज समस्यालाई गम्भीर सामाजिक चुनौतीका रूपमा उल्लेख गर्दै पीडितलाई न्याय दिलाउन आयोग गठन, कानुनी पहल तथा प्रशासनिक समन्वय गरिएको जानकारी उनले दिए । राजनीतिक परिवर्तनपछि अबको प्राथमिकता शिक्षा, स्वास्थ्य, रोजगारी, खाद्य सुरक्षा, आवास, खानेपानी, विद्युत्, सडक तथा सिँचाइलगायत आधारभूत सेवामा सुधार गर्दै आर्थिक विकास र समृद्धि हासिल गर्नु रहेको पनि उनले बताए ।

अन्त्यमा उनले संविधान, गणतन्त्र, संघीयता, समावेशीकरण र सुशासनको संरक्षणका लागि आफ्नो दललाई समर्थन गर्न आग्रह गर्दै मतदातालाई निर्वाचन चिह्नमा मतदान गर्न अपिल गरेका छन् ।

# भ्रामक सूचनाको पछि नलागी एचपिभी खोप लगाउन आग्रह

**काठमाडौं/मस–** सरकारले किशोरीहरुलाई पाठेघरको मुखको क्यान्सर विरुद्धको ‘ह्युमन पापिलोमा भाइरस’ (एचपिभी) खोप लगाउन आग्रह गरेको छ ।



राष्ट्रिय खोप सल्लाहकार समितिका अध्यक्ष प्रा.डा रमेशकान्त अधिकारीले भ्रामक सूचनाको पछि नलागि किशोरीहरुलाई खोप लगाउन आग्रह गरे । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले गत माघ २५ देखि यही फागुन १५ गतेसम्म देशभरिका कक्षा ६ मा पढ्ने र विद्यालय बाहिर रहेका १० वर्ष उमेर समूहका किशोरीलाई खोप लगाउने अभियान सुरु गरेको छ ।

‘आधारहिन हल्ला र भ्रममा नलागौँ । अरुका कुरा सुनेर आफ्ना बालिकाको स्वास्थ्यसँग खेलवाड नगरौँ । आफ्नो स्वास्थ्यको संरक्षणका लागि खोप लगाऔँ’, अध्यक्ष प्रा.डा अधिकारीले भने, ‘एचपिभी खोप विश्व स्वास्थ्य सङ्गठनबाट मान्यता प्राप्त तथा औषधि व्यवस्था विभाग, नेपालबाट स्वीकृत सुरक्षित खोप हो ।’

अभियानअन्तर्गत गत वर्षको एचपिभी खोप अभियानमा छुटेका हाल कक्षा ७ देखि १० सम्म पढ्ने छात्रा र ११ वर्षदेखि १४ वर्ष उमेरका विद्यालय बाहिरका किशोरीलाई खोप लगाइने छ । अध्यक्ष डा.अधिकारीले विफर उन्मूलन र पोलियो जस्ता रोगको रोकथाम खोप नै रहेकाले ढुक्क भएर किशोरीलाई खोप लगाउन आग्रह गरे । ‘विफरले बर्सेनि धेरै व्यक्तिको ज्यान लिएको थियो । पोलियोले धेरै बालबालिकालाई जीवनभरका लागि अपाङ्गता बनाएको थियो । लहरे खोकी, डिफ्टेरिया, टिटानस जस्ता रोगले हाम्रो बाल मृत्युदर उच्च बनाएको थियो । आज ती रोगहरू नदेखिनु संयोग होइन । यो खोपको सफलता हो,’ उनले भने, ‘खोप भनेको रोग लागेपछि उपचार होइन, रोग लाग्नै नदिनु हो ।’

वर्षौं देखिको प्रयासपछि नेपालले एचपिभी खोप ल्याउन सफल भएको उल्लेख गर्दै एचपिभी खोपले पाठेघरको मुखको क्यान्सर जस्ता गम्भीर रोगबाट हाम्रा छोरी-नातिनीहरूको भविष्य सुरक्षित गर्ने बताए ।

अभियानअन्तर्गत सरकारले तीन लाख ५० हजार बालबालिकालाई पाठेघरको मुखको क्यान्सर विरुद्धको एचपिभी खोप लगाउने छ ।

# एम्बुलेन्सको भाडा बढेपछि स्थानीयको विरोध




**जुम्ला/मस–** जुम्लाबाट नेपालगञ्जसम्म जानका लागि एम्बुलेन्सको भाडा २५ हजार तोकिएपछि स्थानीयले विरोध जनाएका छन् । जिल्ला एम्बुलेन्स समितिले आफूखसी भाडादर निर्धारण गरेको आरोप लगाउँदै स्थानीयले असन्तुष्टि जनाएका हुन् ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जारी गरेको एम्बुलेन्स सञ्चालन निर्देशिका, २०८२ बमोजिम जिल्ला एम्बुलेन्स समितिका संयोजक तथा प्रमुख जिल्ला अधिकारी दीपक पौडेलको अध्यक्षतामा पुस २४ गते बसेको बैठकले जुम्ला जिल्लाभित्र सञ्चालन हुने एम्बुलेन्सहरूको भाडादर निर्धारण गरेको जनस्वास्थ्य सेवा कार्यालय जुम्लाका निमित्त कार्यालय प्रमुख किरणकुमार शर्माले जानकारी दिए ।

निर्धारित भाडादरबारे जनगुनासो आएको स्वीकार गर्दै कार्यालय प्रमुख शर्माले भने, ‘आवश्यक परेमा आगामी बैठकबाट पुनरावलोकन गर्न सकिन्छ। चन्दननाथ नगरपालिकाभित्र एम्बुलेन्सको भाडा छ सय, जिल्लाभित्र कच्ची सडकमा प्रतिकिलोमिटर १ सय र पक्की सडकमा ९० (दुवैतर्फ) तोकिएको छ ।’

त्यस्तै, जुम्लाका सम्पूर्ण स्थानदेखि सुर्खेतसम्म एम्बुलेन्स भाडा २० हजार र जुम्लाबाट नेपालगञ्जसम्म रु २५ हजार निर्धारण गरिएको प्रमुख शर्माले बताए । जिल्ला एम्बुलेन्स समितिका संयोजक एवं प्रमुख जिल्ला अधिकारी पौडेलले दूरी र स्थानका आधारमा भाडादर निर्धारण गरिएको बताए ।

कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानसहित जिल्लाका विभिन्न स्थानीय तहमा फरक-फरक श्रेणीका एम्बुलेन्स सञ्चालनमा रहेकाले भाडामा एकरूपता ल्याउन समिति सक्रिय भएको प्रजिअ पौडेलको भनाइ छ । सिंजा, तिला, हिमा गाउँपालिका तथा चन्दननाथ नगरपालिकाले जिल्ला एम्बुलेन्स समितिले तोकेको भाडादर कार्यान्वयन गर्ने भन्दै सार्वजनिक सूचना जारी गरिसकेका छन् । तर सुर्खेत र नेपालगञ्जसम्मको भाडा अत्यधिक महँगो भएको भन्दै स्थानीय असन्तुष्ट छन् । बिरामीलाई लक्षित सेवा नै यति महँगो हुँदा गरिब तथा विपन्न नागरिकको जीवनसँग खेलबाड भएको स्थानीयवासिको गुनासो छ। जिल्ला एम्बुलेन्स समितिले भने भाडादर दूरी, इन्धन खर्च, मर्मतसम्भार तथा चालक खर्चलाई आधार मानेर निर्धारण गरिएको जनाएको छ ।

# दुर्घटना भएको गाडीबाट ४ सय २० किलो गाँजा बरामद

**काठमाडौं/मस–** शिवरात्रिको दिन आइतबार बिहान विराटनगर महानगरपालिका-५ स्थित पुलचोकमा दुर्घटनामा परेको स्कोरपिओ गाडीबाट ४ सय २० किलो गाँजा बरामद भएको छ ।

दुर्घटनामा परेको बा८च ६५०८ नम्बरको स्कोरपिओ गाडीबाट प्रहरीले ४२० किलो गाँजा बरामद गरेको हो। भित्री सडक खण्ड हुँदै तीव्र गतिमा गुडिरहेको स्कोरपिओ अचानक अनियन्त्रित भई सडक छेउको खाल्डोमा खसेको थियो ।

मोरङ प्रहरी प्रमुख एसपी कवित कटवालका अनुसार स्कोरपिओको सिट तथा डिक्कीको भागमा



प्लास्टिकले बेरिएको अवस्थामा गाँजा प्याक गरेर राखेको अवस्थामा ४ सय २० किलो गाँजा बरामद भएको हो। सुरक्षाकर्मीलाई छल्न तीव्र गतिमा कुदाउँदा गाडी दुर्घटनामा परेको हुन सक्ने प्रहरीले बताएको छ।

# बैतडीमा टोल-टोलमै पुगेर नसर्ने रोगको परीक्षण

**बैतडी/मस–** बैतडीमा नसर्ने रोगका जोखिम उच्च भएपछि परीक्षणलाई तीव्र बनाउन थालिएको छ । स्वास्थ्यकर्मीहरू टोलटोलमै परीक्षण थालिएको हो।



सुर्नया गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख रामसिंह महराले नसर्ने रोगको पहिचानका लागि एकमहिने अभियानअन्तर्गत गाउँपालिकाले टोलटोलमै स्वास्थ्यकर्मी खटाएको जानकारी दिए। गाउँपालिकाभरिका आठवटै वडाका ६६ टोलमा स्वास्थ्यकर्मी खटाएर नसर्ने रोगको परीक्षण भइरहेको बताइएको छ ।

उनले भने, ‘हामीले प्रत्येक टोलमा स्वास्थ्यकर्मीलाई खटाएर नसर्ने रोगको परीक्षण गरिरहेका छौं । आठवटै वडाका ६६ वटा टोलमा यो अभियान सञ्चालन भइरहेको छ। स्वास्थ्य परीक्षणका क्रममा आवश्यकताअनुसार औषधिसमेत वितरण गरिरहेका छौं ।’

नसर्ने रोगको पहिचानका लागि एकमहिनेअन्तर्गत स्वास्थ्य संस्थामा ३० वर्षमाथिका नागरिकको निःशुल्क स्वास्थ्य परीक्षण गर्ने कार्य भइरहेको उनले बताए । अभियानअन्तर्गत उच्च रक्तचाप, मधुमेह, उचाइ र तौलको अनुपात परीक्षण गर्ने गरिएको छ। अभियानको सिलसिलामा नसर्ने रोग पत्ता लागेका बिरामीलाई थप उपचारको आवश्यकता परेमा अस्पताल तथा स्वास्थ्य केन्द्रहरूमा रेफर गर्ने गरिएको स्वास्थ्य प्रमुख महराले बताए ।

‘परीक्षण गरिएका झन्डै ५० प्रतिशत व्यक्तिमा समस्या देखिने गरेको छ’, उनले भने, ‘पत्ता लगाई न्यूनीकरण गर्नु राम्रो हुन्छ, त्यसैले ३० वर्षमाथिका सबैको स्वास्थ्य परीक्षण गर्दैछौं ।’ नसर्ने रोगको जोखिमका विषयमा नागरिकलाई जानकारी दिनुका साथै बिरामीलाई उपचारको दायरमा ल्याउन अभियान सञ्चालन गरिएको सिगास गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख घनश्याम बोहराले बताए । पालिकाबाट आवश्यक स्वास्थ्य सामग्रीसहित स्वास्थ्यकर्मीलाई बिरामी खोज्न परिचालन गरिसकिएको उनले जानकारी दिए ।

# काठमाडौंका सबै स्थानीय तहमा मतदाता शिक्षा सुरु

**काठमाडौं/मस–**काठमाडौंका १० निर्वाचन क्षेत्र र ११ स्थानीय तहका १३८ वडामा शिक्षा सुरु प्रारम्भ भएको छ । जिल्ला निर्वाचन कार्यालयले हरेक वडामा मतदाता शिक्षा दिन एक जना स्वयंसेवक परिचालन गरेको छ ।

उक्त कार्यालयका निर्वाचन अधिकारी ठाकुर भट्टराईका अनुसार यही फागुन १७ गतेसम्म सञ्चालन गरिने छ । स्वयंसेवकहरू प्रत्येक मतादाताका घरआँगनमा पुगेर सही ढंगले मतदान गर्न सिकाउने छन् ।

आमनागरिकलाई मताधिकारको महत्व र मतदानको प्रक्रियाका विषयमा जानकारी दिने उद्देश्यले निर्वाचन आयोगले देशभरका ७ सय ५३ स्थानीय तहका ६ हजार ७ सय ४३ वडामा एकएक जना मतदाता शिक्षा स्वयंसेवक परिचालन गरेको हो ।

**युएईमा रोजगार**

कम्पनी: GCC INTERNATIONAL FZC
पूर्व स्वीकृत मिति: २०८२/११/०१ — चलानी नं.: ६०२५२४९३
शहर: SHARJAH — L.T. No.: 339007

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper | 0 | 34 | सम्बन्धित काममा दक्ष | 1100 | ४३,३४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Laborer | 60 | 0 | | 1100 | ४३,३४० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ फागुन ११ गते (23 February 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**सन लाईट ह्युमन रिर्सोस प्रा. लि.** Lic No. 689/063/064
सामाखुसी-०३, काठमाडौं, फोन: ४९८४८३२, ४९८४८३३, 9802341585, 9700558336, 9864827296

**काठ जिल्ला बाहिर बिक्री सुचना**

**प्रकाशित मितिः- २०८२/११/०४ गते**

श्री ध्रुवतारा सा.व.उ.स. उदयपुरगढी गा.पा.-०८, उदयपुरबाट उत्पादित रहेको विभिन्न लटको साल गोलिया ११२ थानको ८३९.२३ क्यू.फिट, काठ जिल्ला बाहिर बिक्री गर्नु पर्ने भएकोले २१ दिने सुचना प्रकाशित गरिएको छ । विस्तृत जानकारीको लागि समुहमा सर्म्पक राख्नु होला ।

**श्री ध्रुवतारा सा.व.उ.स.**
**उदयपुरगढी न.पा.-०८, उदयपुर**

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम २०८०/०९/०२ मा दर्ता भएको **प्रा.लि. नं. ३२५५०६** को **रिहान एण्ड तुहान एजुकेशन सेन्टर प्रा. लि.** को मिति २०८२/१०/२३ गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटरः लिलानाथ कंडेल**
**ठेगानाः अनामनगर, काठमाडौं, फोनः ९७०८०७३२००**

**गण्डकी प्रदेश सरकार**
**ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय**
**खानेपानी तथा सरसफाई डिभिजन कार्यालय**
**गण्डकी प्रदेश, स्याङ्जा, नेपाल**

**बोलपत्र पेस गर्ने सम्बन्धी सूचना**

**बोलपत्र पेश गर्ने सम्बन्धी सूचना (प्रथम पटक प्रकाशित मिति २०८२/११/०४)**

यस कार्यलयबाट स्याङ्जा तथा कास्की जिल्लामा संचालित विभिन्न खानेपानी आयोजनाहरुको आ.व. ०८२/०८३ को स्विकृत कार्यक्रम अनुसार तपशिल बमोजिमका जि.आइ. पाइप, फिटिङ्ग तथा टुल्स (e-bidding) को माध्यमबाट खरिद गर्नुपर्ने भएकाले ईजाजत प्राप्त ईच्छुक बोलपात्रदाता, फर्म/कम्पनीहरुबाट (www.bolpatra.gov.np/egp) मार्फत रितपूर्वक बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| सि. नं | ठेक्का नं | विवरण | ल.ई. भ्याट बाहेक | बोलपत्र जमानत | डेलिभरी प्वाईन्ट |
|---|---|---|---|---|---|
| 1. | 10/2082/83/Goods/WSSDOSyangja | जि.आइ. पाइप, फिटिङ्ग तथा टुल्स खरिद कार्य । | रु. ९३६८६१९.०० | रु. २६५०००.०० | कार्यालय स्याङ्जा तथा ईकाइ कार्यालय, कास्की |

बोलपत्रको दस्तुर रु. ३,०००.०० लाग्ने छ । **(नि.डिभिजन प्रमुख)**

**Durgathali Rural Municipality**
**Office Of Rural Municipality**
**Chaudhari, Bajhang**
**Sudurpashim Province, Nepal**

**Invitation For Bid**

**Second Date of Publication :- 16-02-2026**

Durgathali Rural Municipality, Office of the Rural Municipality Executive, Chaudhari Bajhang invites open Competitive Electronic Bidding from the eligible bidders for the procurement of works given in the table below.

| S.N | Contract Id | Name of project And Location | Bid Security Amount NRS | Bid Document Fee NRS | Total Estimated Amount (Excluding VAT Including PS) | Last Date of bid Submission |
|---|---|---|---|---|---|---|
| 1 | 2/GOODS/NCB/DRM/2082/083 | Supply and Delivery of Allo Bhango Prasodhan Kendra Machine Kharid RM-01 Bajhang | 85,300/- | 3,000/- | Rs. 25,16,890/- | 19-03 -2026 |

Note:- For More Details Please visit PPMO Web site WWW.bolpatra.gov.np//egp

**Chief Administrative Officer**

# निर्देशनमा फर्किइन् रेखा थापा



**काठमाडौं / मस–** नयाँ नेपाली कथानक चलचित्र 'माया भनेकै यस्तो होला' निर्माण घोषणा गरिएको छ । आइतबार महाशिवरात्रीको शुभ अवसर पारेर राजधानीमा एक विशेष कार्यक्रमकाबीच चलचित्रको औपचारिक निर्माण घोषणा गरिएको हो ।

यो चलचित्रमार्फत नेपाली सिनेमा क्षेत्रकी प्रभावशाली अभिनेत्री रेखा थापा लामो समयको अन्तरालपछि पुनः निर्देशनमा फर्किएकी छन् ।

'हिम्मतवाली' र 'मालिका' जस्ता चलचित्र निर्देशन गरिसकेकी रेखाको यो तेस्रो निर्देशकीय प्रयास हो । झन्डै आठ वर्षपछि निर्देशनमा फर्किएकी रेखाले यसपटक आफ्नै 'रेखा फिल्मस्' भन्दा बाहिरको ब्यानरमा काम गर्न लागेकी हुन् । नेपाली चलचित्र इतिहासमा कुनै पनि स्थापित महिला निर्देशकले बाहिरी ब्यानरको चलचित्र निर्देशन गर्न लागेको यो सम्भवतः पहिलो पटक हो ।

'दिया एण्ड अमु फिल्मस्'को ब्यानरमा निर्माण हुने यस चलचित्रमा नेपाली कला क्षेत्रका दिग्गजदेखि वर्तमानका चर्चित अनुहारहरूको जम्बो टोली रहनेछ । चलचित्रमा वरिष्ठ कलाकार मदनकृष्ण श्रेष्ठ, दिल श्रेष्ठसँगै पूर्व मिस नेपालहरू सृष्टि श्रेष्ठ, नम्रता श्रेष्ठ र पूर्वमिस नेपाल इन्टरनेसनल नीति शाहको मुख्य भूमिका रहनेछ ।

निर्माण पक्षले चलचित्रको घोषणसँगै दुईवटा फस्टलुक पोस्टर सार्वजनिक गरेको छ । दिल श्रेष्ठको साथमा तीन अभिनेत्रीहरू सृष्टि श्रेष्ठ, नम्रता श्रेष्ठ र नीति शाह देखिएको पहिलो पोस्टरले चलचित्रमा प्रेमका विभिन्न पाटाहरू वा सम्भावित 'प्रेम त्रिकोण' को कथा हुनसक्ने अनुमान गर्न सकिन्छ ।

पोस्टरमा तीनै अभिनेत्रीहरू रातो रङको भव्य पहिरन (लेहेंगा र सारी) मा सजिएका छन् । रातो रङले प्रेम, विवाह र सम्बन्धको गहिराइलाई संकेत गर्छ । जसमा दिल श्रेष्ठ र नम्रता श्रेष्ठको सामिप्यता झल्किएको छ भने सृष्टि र नीति शाहका भावहरू अलि गम्भीर देखिन्छन् । यसले चलचित्रमा प्रेमका विभिन्न पाटाहरू, सम्बन्धमा आउने उतारचढाव वा सम्भावित 'लभ ट्रयाङ्गल' (प्रेम त्रिकोण) को कथा हुन सक्ने संकेत गर्छ । दोस्रो पोस्टरमा अभिनेता दिल एक वृद्ध (वरिष्ठ कलाकार मदनकृष्ण श्रेष्ठ) को साथमा भावुक मुद्रामा देखिएका छन् । ह्विलचेयरमा बसिरहेका मदनकृष्ण श्रेष्ठको हात समातेर भुइँमा बसेका दिल श्रेष्ठको मुद्राले सन्तानको कर्तव्य र बुढेसकालको सहाराको कथालाई प्रस्तुत गरेको छ ।

चलचित्रको शीर्षक 'माया भनेकै यस्तै होला'ले नै प्रेमको परिभाषा खोज्ने प्रयास गरेको देखिन्छ । एकातिर बुढ्यौली अवस्थाको सेवा र अर्कोतिर युवापुस्ताको प्रेमलाई पोस्टरमा स्थान दिएर सबै वर्गका दर्शकलाई समेट्न खोजेको बुझिन्छ ।

यस्तै, चलचित्रमा लक्ष्मी गिरी, राजाराम पौडेल, विशाल पहाडी, संगम भण्डारी, सुजाता श्रेष्ठ र बिनोद पौडेल लगायतको पनि अभिनय रहनेछ ।

हरि नारायण श्रेष्ठ र माया देवी श्रेष्ठ निर्माता रहेको यस चलचित्रले प्रेम कथाका माध्यमबाट सामाजिक भावनालाई उठान गर्ने संकेत दिएको छ । चलचित्रको शीर्षकले नै यो एउटा सुमधुर प्रेमकथामा आधारित हुने प्रष्ट पार्छ ।

सुदीप बराल डिओपी रहने यस चलचित्रमा अनिरुद्ध आत्रेय प्रमुख सहायक निर्देशक, राजन घिमिरे फिल्म कोअर्डिनेटर, संगीत प्रशान्त सिवाकोटी, ड्रेस डिजाइनर सुजेनी मल्ल, मेकअप प्रिया कार्की, प्रोडक्सन सुमन तिवारी रहेका छन् ।

निर्माण पक्षका अनुसार चलचित्रको छायांकन फागुनको दोस्रो साताबाट सुरु हुनेछ । निर्माण टोलीले यस चलचित्रलाई आगामी वर्षको तीजको अवसर पारेर प्रदर्शन गर्ने लक्ष्य राखेको छ ।

पत्रकार सम्मेलनमा निर्देशक रेखा थापाले यो चलचित्र हाम्रो आफ्नै समाजमा घटेका घटनामा रहेको बताइन् । उनले भनिन्, 'यो चलचित्रमा तपाईंको जीवनमा घटेका, मेरो जीवनमा घटेका र समाजले अनुभूति गरेका विषयहरूलाई उठाइएको छ । एउटा निर्देशकाको रूपमा मैले यसलाई मानिसहरूकै कथाको रूपमा प्रस्तुत गरेकी छु ।'

निर्देशिका रेखा थापाले अभिनेता दिललाई निकै क्षमतावान् र राम्रो अभिनय गर्न सक्ने कलाकारको रूपमा चित्रण गरेकी छिन् । उनले दिलको अभिनय कौशलको प्रशंसा गर्दै भनिन्, 'उहाँ निकै क्यापाबल र राम्रो पर्फर्मेन्स दिन सक्ने कलाकार हुनुहुन्छ । यदि उहाँले चलचित्रलाई नै निरन्तरता दिएको भए अहिलेसम्म उनी निकै राम्रोसँग स्थापित भइसक्नुहुने थियो ।'

यस्तै, चलचित्रमा तीन जना पूर्व मिस नेपालहरू श्रृष्टि श्रेष्ठ, नम्रता श्रेष्ठ र नीति शाहलाई एकैसाथ देख्न पाइने बारेमा स्पष्ट पार्दै रेखाले थपिन्, 'मिस नेपालको ट्याग भएका कारणले मात्र उहाँहरूलाई लिएको होइन । मेरो चलचित्रको विषयवस्तु र कथाको माग अनुसार नै श्रृष्टि, नम्रता र नीति फिट हुनुभएकाले उहाँहरूलाई छनोट गरिएको हो ।' चलचित्र घोषणा कार्यक्रममा बोल्दै वरिष्ठ कलाकार मदनकृष्ण श्रेष्ठले रेखा थापाको निर्देशनमा काम गर्न पाउनु आफूलाई एउटा छुट्टै संसारमा प्रवेश गरे झैँ लागेको बताए । उनले भने, 'म केबल हास्य कलाकार मात्र होइन, परान जस्ता चलचित्रबाट मैले आफूलाई गम्भीर भूमिकामा पनि प्रमाणित गरिसकेको छु । यस चलचित्रमा पनि मेरो सशक्त भूमिका रहनेछ ।'

यस चलचित्रमा मुख्य अभिनेताको रूपमा देखिन लागेका श्रेष्ठले लामो समयको ग्यापपछि चलचित्रमा फर्किएका र आफ्ना सहकर्मी अभिनेत्रीहरू श्रृष्टि श्रेष्ठ र नम्रता श्रेष्ठसँगको सहकार्यलाई रमाइलो मानेका छन् ।

अभिनेत्री सृष्टि श्रेष्ठले चलचित्रमा काम गर्न पाउनु र दिग्गज कलाकार हरुसँग स्क्रिन सेयर गर्न पाउनु नै आफुलाई मायाको अर्को रुप जस्तो लागेको बताइन् । उनले रेखा थापाले आफु माथि गरेको विश्वासलाई प्रेमको रुपमा लिएकी छिन् । त्यस्तै, अभिनेत्री नम्रता श्रेष्ठले रेखा थापालाई 'लिजेन्डरी' व्यक्तित्वको संज्ञा दिँदै उनको निर्देशनमा काम गर्न आफू निकै उत्साहित रहेको र वर्कसपको अनुभवले चलचित्र उत्कृष्ट बन्ने संकेत दिएको बताइन् ।

१० वर्षपछि लेखनमा फर्किएका लेखक ध्रुव लम्सालले स्क्रिप्टमा निकै मिहिनेत गरिएको बताए । उनले रमाइलो शैलीमा भने, 'यो चलचित्र हेरेपछि मेरा साथीहरूले मलाई गाली गर्ने छैनन्, बरु प्रशंसा गर्नेछन् भन्नेमा म ढुक्क छु ।'

# टक गुरुङका 'गजलाभूषण' र 'टक' तथा सांगीतिक गजल 'चर्चा चल्यो' सार्वजनिक



**काठमाडौं / मस–** गजलकार टक गुरुङका दुई कृति 'गजलाभूषण' र 'टक' तथा सांगीतिक गजल 'चर्चा चल्यो'को संयुक्त विमोचन गरिएको छ ।

शनिबार सर्वनाम थिएटरमा नेपाल गजल प्रतिष्ठानको आयोजनामा भएको कार्यक्रमको सुरुवातमा टक गुरुङको शब्द र संगीतकारद्वय रवि प्राञ्जल तथा करुण थापाको संगीतमा तयार भएको सांगीतिक गजल 'चर्चा चल्यो' गायक प्रशान्त पोखेलले प्रस्तुत गरेका थिए । त्यसपछि सभाध्यक्ष, प्रमुख अतिथि वरिष्ठ गजलकार करुण थापा तथा अन्य अतिथिहरूले दुवै कृतिको आवरण अनावरण गर्दै पुस्तक विमोचन गरेका थिए ।

कृतिकार टक गुरुङले गजलको विस्तार र विकासमा योगदान दिने उद्देश्यसहित यी कृति तथा सांगीतिक गजल तयार पारेको बताए । विशेष अतिथि समालोचक एवं गजलकार उपप्राध्यापक भुवन निस्तेजले 'गजलाभूषण'लाई गजलको सैद्धान्तिक पक्ष समेटिएको महत्त्वपूर्ण पुस्तकका रूपमा व्याख्या गर्दै गजलको परिचयदेखि काव्यशास्त्र, अरुज तथा पूर्वीय-पश्चिमी काव्य सिद्धान्तसम्बन्धी पक्षहरू यसमा समावेश रहेको बताए ।

त्यसैगरी, गजल संग्रह 'टक'मा २०१ गजल समेटिएको उल्लेख गर्दै उनले यसमा सशक्त वैचारिकी, लालित्यपूर्ण शिल्प र भावगत गाम्भीर्य रहेको बताए । संग्रहमा समाजका उपेक्षित तथा सीमान्तकृत तप्काका आवाजलाई समेत बुलन्द रूपमा उठाइएको उनको भनाइ थियो ।

प्रमुख अतिथि करुण थापाले 'गजलाभूषण'ले नेपाली गजल लेखनमा सैद्धान्तिक कृतिको अभाव पूर्ति गरेको उल्लेख गर्दै गजल लेखनको यात्रामा यो पुस्तक सच्चा सहयात्री बन्ने विश्वास व्यक्त गरे ।

कार्यक्रमका अध्यक्ष लालकाजी श्रेष्ठले हालसम्म प्रकाशित धेरैजसो गजलसम्बन्धी सैद्धान्तिक कृतिहरू आधारभूत तहमा सीमित रहेको बताउँदै 'गजलाभूषण'ले गुणस्तरीय गजल कसरी लेख्ने भन्ने कुरा स्पष्ट रूपमा सिकाउने बताए । साथै, 'टक' संग्रहले वास्तविक नेपाली गजलको तृष्णा मेटाउने र भविष्यमा गजल अनुरागी तथा विद्यार्थीहरूका लागि महत्वपूर्ण सन्दर्भ कृति बन्ने धारणा व्यक्त गरे ।

कार्यक्रममा अनजान यात्री, चन्द्रकान्त जोशी, सुशीला शर्मा, गुमनाम मुसाफिर, वन्दना जोशी, पवन गौतम, लक्ष्मण संगम, संगीतकार एवं गायक सन्तोष श्रेष्ठ, श्याम कँडेल, निर्देशक रामकुमार ढुंगेल, रामशरण नेपाल, कमला ओलीलगायत गजलकार तथा साहित्यप्रेमीहरूको बाक्लो उपस्थिति रहेको थियो ।

'गजलाभूषण'को भाषा सम्पादन सुमी पोखरेलले गरेका हुन् भने दुवै कृतिको आवरण तथा लेआउट गजलकार विनोद विम्बितले तयार पारेका छन् । प्रतिकृति मूल्य ५०० रुपैयाँ रहेको यी पुस्तकहरू एनिटाइम प्रिन्टिङ प्रेसले बजारमा ल्याएको हो ।

# 'बालन' पुस्तक सार्वजनिक



**इलाम / मस–** श्रीनारायण चापागाईंद्वारा रचना गरिएको 'बालन' सार्वजनिक गरिएको छ । इलाम जिल्लाको माईजोगमाई गाउँपालिका-५ स्थित सोयाङको सिम्लेमा फागुन २ गते आयोजना गरिएको एक कार्यक्रममा उक्त कृति सार्जजनिक गरिएको हो । श्रुति परम्पराबाट आएको 'बालन'लाई लेखक चापागाईंले २०१२ सालमा रचना गरेका पाण्डुलिपि भेटिएपछि उक्त रचनाले पुस्तकको रूप पाएको लेखक स्वर्गीय चापागाईंका नाति कमलप्रसाद चापागाईंले जानकारी दिए ।

इलामको सिम्लेमा आफ्नै अग्रसरतामा पाठशाला सञ्चालन गरी पढाउन थालेका स्व. श्रीनारायण उपाध्याय चापागाईंले आफ्ना शिष्यहरूलाई सिकाउन उक्त बालनको रचना गरेका उनका काइँला छोरा कृष्णप्रसाद चापागाईंको भनाइ छ ।

श्रुति परम्परामा मात्र जीवित रहेको बालन लोक साहित्य र लोक संगीतको एउटा सुन्दर रूप भएको, तर यसको संरक्षण हुन नसकेकाले लोप हुने खतरा बढेको भन्दै स्व. चापागाईंका कान्छा छोरा चन्द्र चापागाईंले बालन संरक्षणकै लागि बुबाले लेखेको 'बालन' प्रकाशन गरिएको बताए ।

# किरण आचार्यको 'शैलसुते' लोकार्पण




**काठमाडौं / मस–** साहित्यकार किरण आचार्यद्वारा लिखित पौराणिक आख्यान 'शैलसुते' लोकार्पण गरिएको छ । शिखा बुक्सद्वारा आयोजित लोकार्पण कार्यक्रममा लेखक आचार्य स्वयं, प्रकाशक पुष्पराज पौडेल, पत्रकार तथा आलोचक राजकुमार बानियाँ, पत्रकार र लेखक कमल रिजाल र पठन संस्कृतिका अभियन्ता तारा रेग्मी उपस्थित थिए ।

समारोहका क्रममा तारा रेग्मीले उपन्यासको समीक्षा गर्दै यसको विशिष्टता र मौलिकताको प्रशंसा गरिन् । उनले भनिन्, 'शिक्षकहरूले एउटै उपन्यासमा पढ्न पाउनु, र खोज-अनुसन्धानको आधारमा लेखिएको शैलसुते जस्ता कृतिहरूले पाठकलाई नयाँ दृष्टिकोण दिन्छ । धर्म परिवर्तन नहुने कथा, इन्द्रराजाले सोमरस बनाउनेलाई वैज्ञानिक थुनामा राखेर पिडा दिने दृश्य जस्ता घटनाहरूले यो उपन्यास अझै रोचक र प्रभावशाली बनेको छ ।'

राजकुमार बानियाँले 'शैलसुते'लाई दुर्लभ र मौलिक साहित्यको उदाहरण भन्दै नेपाल मात्र नभएर भारतमा पनि माता पार्वती सम्बन्धी यति समग्र कथानक भेट्न कठिन भएको बताए । उनले उपन्यासलाई 'व्यालिसक उपन्यास' भन्न सकिने र यसमा त्यस प्रकारका सबै गुण देखिने पनि उल्लेख गरे ।

पत्रकार कमल रिजाल ले पौराणिक आख्यान लेखनका लागि लामो समयको तपस्या र समर्पण आवश्यक भएको उल्लेख गर्दै उपन्यासमा प्रस्तुत पौराणिक नारी पात्रहरूले आफूलाई निकै प्रभावित गरेको बताए । उनले भने, 'कथानकले पाठकलाई सुरु देखि अन्तिमसम्म निरन्तर तान्छ र अन्त्यसम्म के होला ? भन्ने कौतुहलता कायम राख्छ ।'

लेखक किरण आचार्यले आफ्नो प्रयासको बारेमा जानकारी दिँदै पाठक र समीक्षकहरूलाई सुझाव तथा सल्लाह दिन अनुरोध गरे । 'शैलसुते' उपन्यासमा जत्कारु, परशुराम, अहिल्या जस्ता पौराणिक पात्रहरू समावेश छन् । यो उपन्यास शिखा बुक्सद्वारा प्रकाशित गरिएको छ भने यसको मूल्य ७९५ रुपैयाँ तोकिएको छ ।

# पूर्ण ओलीले ल्याए 'समृद्धि सपना' र 'बहुरूपी मान्छे'



**काठमाडौं / मस–** पूर्ण ओलीका २ पुस्तक 'समृद्धि सपना' र 'बहुरूपी मान्छे' लोकार्पण गरिएको छ । शनिबार काठमाडौंमा यी २ कृति इतिहासविद्, राजनीतिक विश्लेषक प्रा.डा. सुरेन्द्र केसी, साहित्यकार एवं चर्चित गीतकार राजेन्द्र थापालगायतले लोकार्पण गरेका हुन् ।

कृतिबारे नेपाली सेनाका अवकाशप्राप्त ब्रिग्रेडियर जनरल प्रेमसिंह बस्न्यातले मिहिन समीक्षा गरेका थिए । बस्न्यातले लेखक ओलीले आफ्ना पुस्तकमा देशको राजनीतिक, सामाजिक, सांस्कृतिक, शैक्षिक दुरपस्थाको कारण र परिणाम उल्लेख गरेका बताए । उनले लेखकले देशलाई असहज परिस्थितिबाट निकास दिन प्रशस्त सुझावहरू पनि दिएका उल्लेख गरे ।

साहित्यकार, समालोचक घनेन्द्र ओझाले पूर्ण ओली नेपाली सेनाका अवकाशप्राप्त अधिकृत भएका उल्लेख गर्दै ओलीले आफ्नो जागिरे जीवनका क्रममा देश, विदेशमा देखे / भोगेका सँगै अवकाशपछि देखेका, भोगेका र अनुभव गरेका विषयलाई आफ्नो पुस्तकमा लेखेका बताए । ओझाले ओलीले 'समृद्धि सपना'मा समसामयिक विषयका लेखहरू संगृहीत गरेका र 'बहुरूपी मान्छे'मा वर्तमानका मान्छेका अनेक चरित्र र प्रवृत्तिलाई आख्यानीकरण गरेका बताए ।

लेखक ओलीले देशमा देखिएको अनियमितता, भ्रष्टाचार, अपराधका कारण चौतर्फी समस्या देखिएको भन्दै तिनै सन्दर्भलाई पुस्तकमा लेखेको सुनाए । प्रा.डा. सुरेन्द्र केसीले लेखक ओलीले पुस्तकमा लेखेजस्तै देशमा अन्योल, अस्थिरता र अराजकताको कारण शासकमा जिम्मेवारी, इमान, नैतिकता र आदर्श हराउनु नै भएको बताए ।

Karnali Province Government

**Ministry of Social Development**

**Province Health Logistic Management Center**

**Birendranagar, Surkhet, Nepal**

**Invitation for Electronic Bid**

**First Date of publication: 2082/11/04 (Feb 16, 2026)**

1. Ministry of Social Development, Province Health Logistic Management Center (PHLMC) Karnali Province Surkhet Nepal invites electronic bid from eligible bidders for the Procurement of the following goods Under National Competitive Bidding- Single-Stage: Two-Envelope Bidding Procedure.

| IFB NO. | description of Goods | Bid Document Fee | Bid Security | Bid Security Validity | Last Date of Bid Submission | Date & time of Bid opening |
|---|---|---|---|---|---|---|
| PHLMC/KP/G/ NCB-06/2082-083 | The Procurement Of Supply, Delivery And Installation of Biomedical Equipment | 5000 | NRS. 530,000 | 120 days | Before 12:00PM on 2082/12/04 BS (March 18, 2026) | At 2082/12/04 BS (March 18, 2026) 1:00 PM |

2. Eligible *Bidders may obtain further information at the office of* PHLMC, ***Surkhet*** *or may visit PPMO eGP system* *www.bolpatra.gov.np/egp.*

आरुघाट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
आरुघाट, गोरखा

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना ।**

**प्रकाशित मिति : २०८२/११/०४**

यस कार्यालयको चालु आ.व २०८२/८३ को तपसिल बमोजिमका कार्यको लागि मिति २०८२/१०/०६ गते बोलपत्र आव्हान गरिएकोमा तपसिल अनुसार फर्मको बोलपत्र न्युनतम मुल्यांकित र सारभूत रुपमा प्रभावग्राही देखिएकाले सार्बजनिक खरिद ऐन २०६३ को दफा २७ र ४७ बमोजिम बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित सबैको जानकारीका लागि प्रकाशन गरिएको छ ।

**तपशिल**

| क्र.स | ठेक्का न | योजनाको नाम | आसयपत्र दिएको फर्मको नाम र ठेगाना | कबोल अंक ( मु.अ.क बाहेक ) रु | कैफियत |
|---|---|---|---|---|---|
| 1 | ARU/NCB/ RE/05/2082-83 | Construction of Polchet Gravity Water Supply Project, ARM-01, Gorkha | R.K NIRMAN SEWA AND SUPPLIERS | 6041599.11 | |

**प्रमुख प्रशासकीय अधिकृत**



टी-२० विश्वकप

# नेपाल समूह चरणबाटै बाहिरियो

**काठमाडौं/मस-** आइसिसी पुरुष टी-२० विश्वकप २०२६ अन्तर्गत समूह 'सी'को आफ्नो तेस्रो खेलमा वेस्ट इन्डिजसँग ९ विकेटले पराजित हुँदै नेपाल समूह चरणबाटै बाहिरिएको छ । लगातार तेस्रो हारसँगै नेपाल सुपर-८ को दौडबाट औपचारिक रूपमा बाहिरिएको हो ।

आइतबार भारतको मुम्बईस्थित वानखेडे रंगशालामा नेपालले दिएको १३४ रनको लक्ष्य वेस्ट इन्डिजले १५.२ ओभरमा मात्र एक विकेट गुमाएर पूरा गर्‍यो । यो जितसँगै लगातार तीन खेल जितेको वेस्ट इन्डिज सुपर-८ मा पुग्ने पहिलो टोली बनेको छ ।

वेस्ट इन्डिजका कप्तान शाइ होपले अविजित ६१ रनको अर्धशतकीय इनिङ खेले । उनले ४४ बलमा ५ चौका र ३ छक्का प्रहार गरे । शिमरन हेटमेयरले ३२ बलमा ४ चौका र २ छक्कासहित अविजित ४६ रन जोडे । दोस्रो विकेटका लागि होप र हेटमेयरबीच ९१ रनको अविजित साझेदारी भयो । ब्रान्डन किङ २२ रनमा आउट भएका थिए । नेपालका लागि नन्दन यादवले एक विकेट लिए ।

त्यसअघि टस हारेर पहिले ब्याटिङ गरेको नेपालले २० ओभरमा ८ विकेट गुमाएर १३३ रन बनाएको थियो । खराब सुरुवात गरे पनि उपकप्तान दीपेन्द्रसिंह ऐरीको अर्धशतकका कारण नेपालले सम्मानजनक स्कोर खडा गर्न सक्यो । दीपेन्द्रले ४७ बलमा ३ चौका र ३ छक्कासहित ५८ रन बनाए ।

दीपेन्द्र टी-२० विश्वकपमा नेपालका लागि अर्धशतक प्रहार गर्ने दोस्रो खेलाडी बनेका छन् । यसअघि सन् २०१४ मा सुवास खकुरेलले अफगानिस्तानविरुद्ध अर्धशतक प्रहार गरेका थिए ।

सोमपाल कामीले अविजित २६ रन जोड्दा लोकेश बमले १३ रन बनाए । गुल्सन झाले ११ तथा आसिफ शेखले ११ रन जोडे । नेपालले पावरप्ले (६ ओभर) मा ३ विकेट गुमाएर मात्र २२ रन बनाएको थियो, जुन टी-२० विश्वकपमा नेपालको सबैभन्दा कमजोर पावरप्ले स्कोर हो ।

बलिङतर्फ वेस्ट इन्डिजका जेसन होल्डरले ४ विकेट लिए । अकिल हुसेन, म्याथ्यु फोर्ड, सामर जोसेफ र रोस्टन चेसले समान एक-एक विकेट हात पारे ।

समूह 'सी' मा वेस्ट इन्डिज ६ अंकसहित शीर्ष स्थानमा छ । दुई जित र एक हारसहित इंग्ल्यान्ड ४ अंकसहित दोस्रो स्थानमा रहेको छ । स्कटल्यान्ड र इटली समान २ अंकका साथ क्रमशः तेस्रो र चौथो स्थानमा छन् । लगातार तीन हार बेहोरेको नेपाल अंकविहीन रहेको छ ।

अब नेपालले मंगलबार मुम्बईमै स्कटल्यान्डविरुद्ध समूहको अन्तिम खेल खेल्नेछ । उक्त खेल नेपालका लागि प्रतिष्ठाको लडाइँ मात्र हुनेछ ।

यस्तै विश्वकप क्रिकेट अन्तर्गत समूह 'ए' को खेलमा अमेरिकाले नामिबियामाथि ३१ रनको जित निकालेको छ । यो जित अमेरिकाको प्रतियोगितामा दोस्रो हो भने लगातार तेस्रो हारसँगै नामिबिया समूह चरणबाट बाहिरिएको छ ।

चेन्नईस्थित एमए चिदम्बरम रंगशालामा टस जितेर पहिले ब्याटिङ गरेको अमेरिकाले निर्धारित २० ओभरमा ४ विकेट गुमाएर १९९ रनको प्रतिस्पर्धात्मक स्कोर बनायो ।

अमेरिकाका लागि सञ्जय कृष्णमुर्तीले उत्कृष्ट अविजित अर्धशतकीय पारी खेले । ३३ बल खेलेका उनले ६ छक्का र ४ चौकाको मद्दतले ६८ रन जोडे । कप्तान मोनाङ्क पटेलले ५२ रन बनाउँदा शायन जहांगिरले २२ रनको योगदान दिए । बलिङतर्फ नामिबियाका विलेम माइबर्ग र कप्तान जेरार्ड एरासमसले २-२ विकेट लिए ।

२०० रनको लक्ष्य पछ्याएको नामिबियाले २० ओभरमा ६ विकेट गुमाउँदै १६८ रनमा सीमित रह्यो । नामिबियाका लागि लोरेन स्टीनकाम्पले ३९ बलमा ५ चौका र ३ छक्कासहित सर्वाधिक ५८ रन बनाए । जेजे स्मिटले ३१, जान निकोल लोफ्टी इटनले २८ तथा जान फ्रिलिंकले १९ रन जोडे ।

अमेरिकाका बलरहरूमा शाड्ली भान साल्कवाइकले २ विकेट लिँदा अली खान, सौरभ नेत्रभाल्कर र शुभम रनजानेले समान १-१ विकेट हात पारे ।

यस जितसँगै अमेरिकाले चार खेलबाट ४ अंक जोड्दै सुपर-८ पुग्ने गणितीय सम्भावना कायमै राखेको छ । यद्यपि अब अमेरिकाको यात्रा अन्य खेलका नतिजामा निर्भर रहनेछ ।

नामिबियाले भने प्रतियोगितामा लगातार तीन हार बेहोरेसँगै समूह चरणबाटै बाहिरिनुपरेको छ ।

# आयोजक महेन्द्र ज्योति च्याम्पियन

**काठमाडौं/मस-** आयोजक महेन्द्र ज्योति पूर्व विद्यार्थी मञ्च, फराकले १५औं खुम्बु ल्होसार कप फुटबल प्रतियोगिताको उपाधि शनिबार जितेको छ । अपराजित रहदै च्याम्पियन बनेको महेन्द्र ज्योतिले पहिलोपटक उपाधि जितेको हो ।

सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा भएको फाइनलमा महेन्द्र ज्योतिले नाम्चे युथ क्लबलाई ४-१ गोलले पराजित गर्‍यो । महेन्द्र ज्योतिका पासाङ गेल्जेन शेर्पाले २ तथा पेम्बा स्माइल शेर्पा र समिप राईले १-१ गोल गरे । नाम्चेका नवाङ तेन्जिङ शेर्पाले सान्त्वना गोल गरे ।

खुम्जुङ युथ क्लबले खुम्बु युनाइटेड क्लबलाई ४-१ गोलले हराउदै तेश्रो भयो । शीर्ष तीन स्थानमा रहने टिमले क्रमशः १ लाख ५० हजार, ८० हजार र ४० हजार नगद पुरस्कार प्राप्त गरे ।

१४ पिक्स एक्सपेडिसन प्रा.लि.को मुख्य प्रायोजन तथा हेली एभरेष्ट प्रा.लि. र खुम्बु पासाङ ल्हामु गाउँपालिकाको सह-प्रायोजनमा भएको प्रतियोगितामा महेन्द्र ज्योतिका पासाङ शेर्पा सर्वोत्कृष्ट खेलाडी घोषित भए । उनले ११ हजार नगद पुरस्कार पाए ।

# दारिम्बा पाँचथरलाई उपाधि

**इलाम/मस-** इलामको माङसेबुङ गाउँपालिकामा सञ्चालित १६औं संस्करणको पवित्रहाङमा गोल्डकप महिला फुटबल प्रतियोगिताको उपाधि दारिम्बा फुटबल क्लब पाँचथरले जितेको छ । शनिबार माङसेबुङ गाउँपालिका-५ स्थित प्रस्तावित आत्मानन्द रंगशालामा भएको फाइनल खेलमा डिफेन्डिङ च्याम्पियन जनता सेभेन स्पोर्ट्स क्लब इलामलाई ४-२ गोलअन्तरले पराजित गर्दै दारिम्बाले उपाधि हात पारेको हो ।



दारिम्बाका लागि स्मिता लिम्बूले दुई तथा सलिना कोइराला र सुजिता तामाङले एक-एक गोल गरिन् । जनता सेभेनका तर्फबाट रेखा विष्ट र कल्पना जिम्बाले समान एक-एक गोल फर्काइन् । खेलको दोस्रो मिनेटमै जनता सेभेनकी रेखा विष्टले पेनाल्टी क्षेत्रबाट गोल गर्दै टिमलाई अग्रता दिलाइन् । तर त्यो अग्रता धेरै समय टिक्न सकेन । सातौं मिनेटमा दारिम्बाकी स्मिता लिम्बूले हेडमार्फत गोल गरी खेल १-१ को बराबरीमा ल्याइन् । चौधौं मिनेटमा सलिना कोइरालाले गोल गर्दै दारिम्बालाई २-१ को अग्रता दिलाइन् । कमजोर रक्षापङ्क्तिको फाइदा उठाउँदै २२औं मिनेटमा पुनः स्मिता लिम्बूले व्यक्तिगत दोस्रो गोल गर्दै स्कोर ३-१ बनाइन् । उनान्तीसौं मिनेटमा जनता सेभेनकी कल्पना जिम्बाले रिबाउन्ड बललाई सदुपयोग गर्दै अन्तर ३-२ मा झारिन् । पहिलो हाफमा एक गोलले पछि परेको जनता सेभेन दोस्रो हाफमा पनि लयमा फर्कन सकेन । ५३औं मिनेटमा दारिम्बाकी गोलकिपर सुजिता तामाङले फ्रिकिकमार्फत गोल गर्दै टिमलाई ४-२ को अन्तरमा जित सुनिश्चित गरिन् ।

सुरुवाती अग्रता लिए पनि जनता सेभेन खेलअवधिभर दबाबमा रह्यो । दारिम्बाले निरन्तर आक्रमण गर्दै विपक्षी पोष्टमा बल पुर्‍याएको थियो भने जनता सेभेनका खेलाडीलाई बल नियन्त्रण र पास वितरणमा कठिनाइ परेको देखिन्थ्यो ।

उपाधिसँगै विजेता दारिम्बाले नगद रु तीन लाख ७० सहित ट्रफी हात पार्‍यो । उपविजेता बनेको जनता सेभेनले नगद दुई लाख ७० रुपैयाँमा चित्त बुझायो ।

प्रतियोगिताको उत्कृष्ट गोलकिपर विजेता दारिम्बाकी सुजता तामाङ, उत्कृष्ट डिफेन्डर दारिम्बाकै मनिता तामाङ, उत्कृष्ट खेलाडी उपविजेता जनता सेभेनकी रेखा विष्ट, उदयीमान खेलाडी जनता सेभेनकै नविना श्रेष्ठ र सर्वाधिक गोलकर्ता जनता सेभेनकै सरिता नाथ (चार गोल) घोषित भइन् । उनीहरूले जनही नगद रु पाँच हजार ७० सहित ट्रफी प्राप्त गरेको आयोजक आत्मापवित्र खेलकुद समितिका अध्यक्ष मनकुमार आङबुहाङले जानकारी दिए ।


## युएईमा रोजगार

कम्पनी: ALSARH RECRUITMENT SOLE PROPRIETORSHIP L.L.C शहर: UAE
पूर्व स्वीकृत मिति: २०८२/११/०१ चलानी नं.: ६०२५२४९८ L.T. No.: 339038

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Labour | 100 | 0 | स. काममा दक्ष | 1000 | ३९,४०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी: ETHPE CONTRACTING LLC शहर: UAE पूर्व स्वीकृत मिति: २०८२/११/०१ चलानी नं.: ६०२५२५०० L.T. No.: 339031

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Stone Mason | 10 | 0 | स. काममा दक्ष | 1500 | ५९,१०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी: DOGMA GENERAL CONTRACTING शहर: UAE पूर्व स्वीकृत मिति: २०८२/११/०१ चलानी नं.: ६०२५२४९९ L.T. No.: 339039

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Labour | 170 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३९,४०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Carpenter | 30 | 0 | | 1500 | ५९,१०० | | | | | | | |

कम्पनी: NATIONAL CORPORATION FOR TOURISM & HOTELS शहर: UAE
पूर्व स्वीकृत मिति: २०८२/११/०१ चलानी नं.: ६०२५२४९७ L.T. No.: 339037

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Office Boys | 50 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४७,२८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Cleaning Worker | 100 | 50 | | 1000 | ३९,४०० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८२ फागुन ११ गते (23 February 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

AKP Gov. Lic. No. 712/064/065
AIR KINGS PLACEMENT PVT. LTD.
Kupandole, Lalitpur, Nepal, Tel: 01-5524006, 5427196
Mob. : 980-3784885,984-3834191,9709051745,982-7903113, 9801442878



# Bheemdatt Municipality
# Office of Municipal Executive
Kanchanpur

**Invitation for Bid**

(Date of Publication: 2082/11/04)

1. Bheemdatt Municipality, Office of the Municipal Executive, Mahendranagar, Kanchanpur invites electronic bids from eligible bidders for following works:

| Contract Number | Description Procurement | Estimated Amount in NRs. (Excl. VAT) | Bid Security Amount (NRs) | Bid Documents Fee (NRs) | Last Date of Bid Submission | Date of Bid Opening |
|---|---|---|---|---|---|---|
| 34/NCB/RUIG/ 2082/083 | Various Road Gravelling & Upgrading Works, Ward no. 1, 2, 3, 4, 5, 6, 7, 8, 9, 10, 11, 12, 13, 14, 15, 16, 17, 18 & 19 | NPR- 86,57,984.82 | NPR- 2,60,000.00 | 3,000.00 | 6th Chaitra 2082 At 12:00 PM | 6th Chaitra 2082, 13:00 PM |

2. Eligible Bidders may obtain further information at Bheemdatt Municipality, Office of Municipal Executive, Mahendranagar, Kanchanpur (Tel- 099-521322, 521167) or may visit PPMO's website, http://bolpatra.gov.np/egp.

Chief Administrative Officer



## धितो लिलामी गर्ने बारे १५ दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०८२/११/०४ गते)

तपशिलमा उल्लेखित ऋणी संस्थाले **लगनखेल शाखा**बाट उपभोग गरेको कर्जाको सावाँ, व्याज हर्जना र दस्तुर रकम तिर्न बुझाउन पर्नेमा नबुझाई कर्जा सम्बन्धी शर्त तथा बन्देजहरु उल्लंघन गरेकाले सो सम्बन्धमा मौखिक तथा लिखित सूचना र पत्रद्धारा तरताकेता साथै मिति २०८१/०८/०४ गते नेपाल समाचारपत्र राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता गर्ने बारे ३५ दिने सार्वजनिक सूचना तथा मिति २०८२/०१/२६ गते मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा धितो लिलाम गर्ने बारे ३५ दिने सूचना प्रकाशित गर्दा समेत संस्थाले तिर्न बुझाउनु पर्ने कर्जाको साँवा, व्याज, हर्जना तथा अन्य दैदस्तुरको रकम समेत चुक्ता भुक्तानी नगरी बाँकी रहेको हुनाले बैंकलाई ऋण सुरक्षण बापत लेखाई दिएको तपशिलमा उल्लेखित धितो सुरक्षण सम्पत्ती लिलाम बिक्रि गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गरी लिनका लागि यो धितो लिलाम बिक्री सम्वन्धी १५ (पन्ध्र) दिने सूचना प्रकाशित गरिएको छ । अतः उल्लेखित म्याद भित्र तपशिलमा उल्लेखित धितो सुरक्षण सम्पत्ती लिलाम बिक्रीमा सहभागी हुन र बोलपत्र खरिद गरी लिन इच्छुक संघ/संस्था, फर्म, कम्पनी तथा सर्वसाधारण महानुभावहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र आफुले कवोल गरेको रकम सहितको गोप्य शिलबन्दी बोलपत्र पेश गर्नहुन अनुरोध गर्दछौं । लिलाम बिक्रीमा सो सुरक्षण धितो सम्पत्ती कसैले नसकारेमा वा रितपूर्वक बोलपत्र नपरेमा बैक तथा वित्तीय संस्था सम्बन्धि ऐन २०७३, सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ तथा प्रचलित कानुन बमोजिम धितो सुरक्षण सम्पत्ती यस बैंक आफैले गैह्र बैकिङ्ग सम्पत्तीको रुपमा सकार गरी लिने व्यहोरा समेत सम्बन्धीत सबैलाई जानकारी गराईन्छ । धितो लेखि दिएको सम्पत्ती लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दा साविकमा बैंकबाट भएको मुल्याङकन भन्दा कम मुल्यमा बिक्री भयो वा मेरो/हाम्रो सम्पत्तीको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर वाजुर गर्न पाउने छैन । साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्रीबाट पनि यस बैंकको सम्पूर्ण लेना रकम असूल उपर नभएमा सम्बन्धीत ऋणी संस्था तथा जमानीकर्ताहरुको अन्य चल अचल जायजेथा सम्पत्तीबाट समेत असुल उपर गरी लिने र ऋणी तथा जमानीकर्तालाई बैक तथा वित्तीय संस्था सम्बन्धि ऐन बमोजिम कर्जा सूचना केन्द्र लिमिटेडको कालो सूचीमा समावेश गरिने व्यहोरा यसै सूचनाद्धारा सूचित गराईन्छ ।

**ऋणी संस्थाको नाम : शाईन बहुउद्देश्यीय सहकारी संस्था लि.।**
**रजिष्टर्ड ठेगाना : ललितपुर उ.म.न.पा. १९, ललितपुर ।**
**हालको ठेगाना :- ललितपुर ५, मानभवन** **दर्ता नं:- १०३२/०६९/०७०**

**संचालक तथा जमानीकर्ताको विवरण**

| | |
|---|---|
| **१) नाम : प्रकाश कुँवर (अध्यक्ष तथा जमानीकर्ता)**<br>बुवा : वजीर बहादुर कुँवर<br>बाजे : टिकाराज कुँवर<br>ना प्र नं. : २१०३२<br>ठेगाना : हस्तिचौर १, गुल्मी | **५) नाम : नविन श्रेष्ठ (पुर्व-कोषाध्यक्ष तथा जमानिकर्ता)**<br>बुवा : नारायण बहादुर श्रेष्ठ<br>बाजे : रामभक्त श्रेष्ठ<br>ना.प्र.नं : २७२१५<br>ठेगाना : चापागाउँ ३, ललितपुर |
| **२) नाम : राजिव श्रेष्ठ (पुर्व-उपाध्यक्ष तथा जमानीकर्ता)**<br>बुवा : नारायण कृष्ण श्रेष्ठ<br>बाजे : टेक बहादुर श्रेष्ठ<br>ना.प्र.नं : १३९१/३२३८<br>ठेगाना : मधुमल्ला १, मोरङ्ग | **६) नाम : राज कुमार श्रेष्ठ (संचालक तथा जमानिकर्ता)**<br>बुवा : कृष्ण बहादुर श्रेष्ठ<br>बाजे : कटक बहादुर श्रेष्ठ<br>ना.प्र.नं : २१६४०/१०६६५३<br>ठेगाना : सिरुवारी १, सिन्धुपाल्चोक |
| **३) नाम : विमला पुन (उपाध्यक्ष तथा जमानीकर्ता)**<br>बुवा : पुरन बहादुर पुन<br>बाजे : दल बहादुर पुन<br>ना.प्र.नं : ३७१०२३/४६६४२<br>ठेगाना : सिद्धार्थनगर ९, रुपन्देही | **७) नाम : निरज चित्रकार (पुर्व-संचालक तथा जमानिकर्ता)**<br>बुवाः रमेश चित्रकार<br>बाजे : आशाकाजि चित्रकार<br>ना.प्र.नं : ४०४९४<br>ठेगाना : का.म.न.पा. १९, काठमाण्डौं |
| **४) नाम : सुवास चन्द्र महत (सचिव तथा जमानिकर्ता)**<br>बाबु : चन्द्र बहादुर महत<br>बाजे : सुरथ बहादुर महत<br>ना.प्र.नं : २७०२१<br>ठेगाना : दोहली ४, गुल्मी | **८) नाम : नितु पोखरेल (पुर्व-संचालक तथा जमानिकर्ता)**<br>बुवा : मेहरमान पोखरेल<br>बाजे : जमानसिंह पोखरेल<br>ना.प्र.नं : ४९९<br>ठेगाना : मारेक कटहरे ७, धनकुटा |

**धितो सुरक्षण राखिएको सम्पत्ति र सुरक्षणधनीको विवरण:**

१. श्री श्रीमान महर्जनको नाति श्री काजिमान महर्जनको छोरा काठमाण्डौं जिल्ला का.म.न.पा. वडा नं. १६ बस्ने श्री **द्धारिका महर्जन**को नाममा मालपोत कार्यालय डिल्लीबजार, काटमाण्डौंमा दर्ता श्रेस्ता कायम रहेको काठमाण्डौं जिल्ला का.म.न.पा. वडा नं. १६ को कित्ता नं. १८२, १८३ को क्षेत्रफल क्रमशः ३१.७९ व.मि. र ०-६-३-३ रोपनी जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।

**धितो लिलाम बिक्रिको शर्त तथा बन्देजहरु:**

(१) बोलपत्र फारम यस बैंकको केन्द्रीय कार्यालय र शाखा कार्यालयहरुबाट रु ५००/- (अक्षेरुपी पाँच सय) फिर्ता नहुने गरी खरिद गर्न सकिने छ ।

(२) बोलपत्र फारममा आफुले बोलकवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । बोलपत्र फारममा आफुले लिन चाहेको अचल सम्पत्तिको विवरण यस बैंकबाट प्रकाशित सूचनाको आधारमा नै भर्नु पर्नेछ । उल्लेखित अचल सम्पत्तिको स्पष्ट विवरण उल्लेख गरी सो को मुल्य अंक र अक्षरमा भर्नुपर्नेछ । अंक र अक्षरमा रकम फरक पर्न गएमा अक्षरमा उल्लेखितलाई मान्यता दिइने छ ।

(३) बोलपत्रमा आफुले कबोल गरेको अंकको कम्तीमा १० प्रतिशतले हुन आउने रकम राष्ट्रिय सहकारी वैंक लिमिटेडको नाममा **Kumari Bank LTD** पुतलीसडक, काठमाण्डौंमा रहेको खाता नं.००१०००१४८६६०००१ मा जम्मा गरेको सक्कल भौचर बोलपत्र साथ पेश गर्नुपर्ने छ ।

(४) लिलाम बिक्री हुने धितो सुरक्षण निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै लगनखेल शाखामा कार्यालय समय भित्र सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरिक्षण गर्न सकिने छ । साथै सोही अवस्था तथा परिमाणमा स्वीकार गरी लिनु पर्नेछ ।

(५) बोलपत्र स्वीकृत भएको सूचना पाएको १५ दिन भित्र सम्पूर्ण रकम बुझाई अचल सम्पत्ती आफ्नो नाउँमा नामसारी गरी लिनु पर्नेछ । सो म्याद भित्र बाँकी रकम नबुझाएमा धरौटी रकम स्वत जफत हुने छ । रजिष्ट्रेशन गर्ने अड्डामा लाग्ने सरकारी दस्तुर, लगायत अन्य सम्पूर्ण दैदस्तुर घर/जग्गा खरिद गर्ने खरिदकर्ताले ब्यहोर्नु पर्नेछ ।

(६) बोलपत्र दाखिला भैसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तहरुमा कुनै हेरफेर हुनेछैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागे सम्म समान्यतया धरौटी रकम फिर्ता दिइने छैन ।

(७) कुनै शर्त राखी पेश गरेको वा रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।

(८) बोलपत्र स्वीकार वा अस्वीकार गर्ने र लिलाम सम्बन्धि सम्पूर्ण निर्णय गर्ने अधिकार बैंकमा निहीत रहनेछ ।

(९) बोलपत्र सदर बदर हुनु अगावै ऋणी, धितोधनीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी फिर्ता दिन सकिने छ । धरौटी स्वरुप राखेको रकममा ब्याज दावी गर्न पाईने छैन ।

(१०) लिलाम सूचना प्रकाशित मितिले १५ दिन भित्र बोलपत्र सम्बन्धित शाखा कार्यालय वा केन्द्रिय कार्यालयमा पेश गर्न सकिनेछ । बोलपत्र पेश गर्ने अन्तिम मितिमा सार्वजनिक विदा परेमा सोको भोलिपल्ट कार्यालय समय भित्र पेश गर्न सकिनेछ । बोलपत्र पेश गर्न सकिने अन्तिम मितिको भोलीपल्ट वा कार्यालय खुलेको दिनमा बैंकको शाखा कार्यालय लगनखेलमा उक्त दिनको ३:०० बजे बोलपत्र खोलिने छ । बोलपत्र पेश गर्ने अन्तिम दिनको कार्यालय समय भित्र सम्बन्धित ऋणी वा धितोवालाले बैंकको ऋण चुक्ता बुझाई धितो फुकुवा लैजान सक्ने छ ।

(११) प्राप्त भएका बोलपत्रहरु बोलपत्र पेश गर्ने व्यक्ति वा नीजको प्रतिनिधि, ऋणी र धितोधनीहरुको रोहवरमा खोलिने छ । उक्त समयमा सम्बन्धीत ऋणी तथा धितोधनीलाई समेत उपस्थीतीको लागि जानकारी गराईन्छ । यदि बोलपत्र पेश गर्ने व्यक्ति, नीजको प्रतिनिधि, ऋणी तथा धितोधनी बोलपत्र खोल्ने समयमा उपस्थिति नभएमा बोलपत्र खोल्न बाधा परेको मानिने छैन ।

(१२) सुरक्षणमा रहेको धितोहरु आंशिक रुपमा पनि लिलाम गर्न सकिने छ ।

(१३) बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख भए बमोजिम हुनेछ ।

National | राष्ट्रिय सहकारी बैंक लिमिटेड
Co-operative Bank Limited (NCBL)
केन्द्रीय कार्यालय : पुल्चोक, ललितपुर, फोनः ०१-५१८०१८२, Web.: www. ncbl.coop

# बक्यौता नतिर्ने ग्राहकको लाइन काट्ने अभियानले उठ्यो ४२ लाख

**सुर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, ३ फागुन

अर्घाखाँचीमा विद्युत् प्रयोग गरेर नतिर्ने ग्राहकको लाइन काट्न थालेपछि बक्यौता उठ्न थालेको छ। पछिल्लो डेढ महिनाको अवधिमा लामो समयदेखि विद्युत् महसुल नतिर्ने ४ सय ५५ ग्राहकको लाइन काट्दा नेपाल विद्युत् प्राधिकरण अर्घाखाँची वितरण केन्द्रले करिब ४२ लाख रुपैयाँ असुली गरेको हो।

प्राधिकरणको विद्युत् महसुल संकलन विनियमावली अनुसार मिटर रिडिङ भएको दुई महिनासम्म पनि महसुल नतिर्ने ग्राहकको लाइन काट्न थालेपपछि बाँकी बक्यौता उठेको केन्द्र प्रमुख जनार्दन पौडेलले जानकारी दिए। बक्यौता नतिर्ने ग्राहकको लाइन काट्ने अभियानले प्राधिकरणलाई तिर्न पर्ने बाँकी रकम समेत उठन थालेको पौडेलले बताए।

यस्तै प्राधिकरणले अर्घाखाँचीका ९९ प्रतिशतभन्दा धेरै घरधुरीमा बिजुलीको पहुँच पुगेको जनाएको छ। जिल्लाका तीन नगरपालिका र तीन गाउँपालिका मध्ये शीतगंगा नगरपालिकाको भित्री गाउँबाहेक अन्य सबै स्थानमा बिजुलीबत्ती पुगेको छ। चालु आर्थिक वर्ष भित्र शतप्रतिशत घरमा विद्युत् लैजाने तयारी भएको पौडेलले बताए।




'जिल्लाका भण्डै ३९ हजार घरधुरीमा मिटर जडान छन्, जिल्लामा चार वटा सबस्टेसन र छिमेकी जिल्लाका सबस्टेसनबाट विद्युत् सप्लाई भइरहेको छ, विद्युत् नपुगेको शीतगंगा–९ को घरधुरीलाई विद्युत् बिस्तार गर्ने काम अगाडि बढाइएको छ', उनले भने।

अर्घाखाँची वितरण केन्द्रले विद्युतीय वितरण प्रणालीलाई सुरक्षित बनाउँदै विद्युतीय घटनालाई शून्यमा झारेको जनाएको छ। पहाडी जिल्ला भएका कारण विद्युत् आपूर्तिमा असहज हुने भएकाले आपूर्ति व्यवस्थामा सुधार गरिएको पौडेलले बताए। अहिले सेवाग्राहीमैत्री विद्युत् कार्यालयका रूपमा परिचित हुने गरी सेवाग्राहीको जनगुनासो तत्काल सम्बोधन गर्ने र कार्यालयमा सेवा लिन आउने ग्राहकको समस्या हेरी १० मिनेटभित्रै काम सम्पन्न गर्नेगरी निर्देशन दिएको उनले बताए।

वितरण केन्द्रले गत वर्ष भोल्टेज सुधार कार्यक्रम अन्तरगत ११ वटा नयाँ ट्रान्सफर्मर जडान कार्य सम्पन्न गरेको थियो। जसमध्ये एउटा २ सय केभीका ट्रान्सफर्मर जडान गरिएकोले यस वर्ष जिल्लामा विद्युत् लाइनमा कुनै समस्या नआउने गरी सुधार गरिएको भएपनि अहिले वितरण केन्द्रमा ट्रासफर्मरको समस्या छ। सो समस्याका कारण अहिले ईभी गाडी चार्जिङ स्टेसन माग अनुसार दिन नसकिएको केन्द्रको भनाइ छ।

जिल्लामा अहिले विद्युतीय सवारीको चापसमेत बढ्दै गएको छ। विद्युतीय गाडी चार्जिङ स्टेसन जडानका लागि प्राधिकरणले व्यवसायीहरूलाई सहज सुविधा दिने उद्देश्यले सहजीकरण गर्ने बताएपनि बजेटको भने अभाव छ।

विद्युतीय सुरक्षालाई प्राथमिकता दिँदै जिल्लाभरिका विभिन्न स्थानहरूमा रहेका जोखिमपूर्ण वितरण ट्रान्सफर्मरहरूमा घेराबार गर्ने काम सम्पन्न गरेको नेपाल विद्युत् प्राधिकरणले जनाएको छ। जसअन्तर्गत मालारानी गाउँपालिकामा २४, शीतगंगा नगरपालिकामा २०, पाणिनि गाउँपालिकामा ३, सन्धिखर्क नगरपालिकामा ३ र छत्रदेव गाउँपालिकामा ६ गरी ५६ वितरण ट्रान्सफर्मरहरूमा घेराबार कार्य सम्पन्न भएको छ।

विद्युत् वितरण प्रणालीलाई सुरक्षित तथा जोखिममुक्त बनाउने क्रममा बजार क्षेत्र र घनाबस्ती क्षेत्रमा नांगो तारलाई विस्थापित गरी कालो तार जडान गर्ने काम समेत तीव्र गतिमा अगाडि बढेको प्राधिकरणले जनाएको छ।

# सुन्तला बेचेर तनहुँका विश्वले कमाए ९० लाख

**तनहुँ/रासस–** तनहुँको म्याग्दे गाउँपालिका-२ उमाचोकका विश्वबहादुर अधिकारीले यस वर्ष ९० लाखको सुन्तला बिक्री गरे। जिल्ला विकास समिति तनहुँका पूर्वसभापति अधिकारी सुन्तलाखेतीबाट सन्तुष्ट छन्।



गाउँको भिरालो जमिनलाई सदुपयोग गरी अधिकारीले विसं २०५२ देखि व्यावसायिक सुन्तलाखेती सुरु गरेका थिए। सुन्तला खरिदका लागि बगानमै ठेकेदार आउने गरेको बताउँदै उनले बजारमा समस्या नरहेको सुनाए।

त्यसैगरी, व्यास नगरपालिका-१३ बेनीकोटका कृषक दलबहादुर थापाले यस वर्ष १६ लाखको सुन्तला बिक्री गरे। अघिल्लो वर्षको तुलनामा यस वर्ष तीन लाखको सुन्तला बिक्री भएको उनले बताए।

विदेशबाट फर्किएर सुन्तलाखेतीमा लागेका गिरबहादुरले यस वर्ष तीन लाख ५० हजारको सुन्तला बिक्री गरेको बताए। यी त केही उदाहरण हुन्, तनहुँका कृषकले यस वर्ष ४५ करोड ५० लाखको सुन्तला बिक्री गरेका छन्। गत वर्ष यहाँका किसानले ४२ करोड ५० लाखको सुन्तला बिक्री गरेका थिए।

कृषि ज्ञान केन्द्रका सूचना अधिकारी किरण परियारले यस वर्ष ५८२१ दशमलब ९ मेट्रिक टन सुन्तला बिक्री भएको जानकारी दिए। उनका अनुसार यस वर्ष ११८२१ दशमलब ७ मेट्रिकटन सुन्तला उत्पादन भएको थियो। जिल्लामा १६७० हेक्टर सुन्तलाखेतीको क्षेत्रफल रहेकामा ९७७ हेक्टर क्षेत्रफलमा सुन्तला उत्पादन भएको परियारले जानकारी दिए।

आँबुखैरेनी गाउँपालिकास्थित डुम्रीखर्क, डाँडापानी, खोलागाउँ, झारपुङ, घिरिङ गाउँपालिकास्थित च्याचुल, उवाथोक, मेवापानी, पोखरीछाप, देवघाट गाउँपालिकास्थित नरम, छिपछिपे, लुम्रिङ, दगारा, भिमाद नगरपालिकास्थित अक्सपाङ्दी, चामबोट, कोखे, म्याग्दे गाउँपालिकास्थित बहपुर, उमाचोक, छाङ, ऋषिङ गाउँपालिकास्थित अर्चलदी, दुवुङ, बन्दीपुर गाउँपालिकास्थित धरमपानी, कमलबारी, काफलस्वारा, झारगाउँ, बासपानी, व्यास नगरपालिकास्थित तनहुँसुर, बेनीकोट र शुक्लागण्डकी नगरपालिकास्थित नाम्सीकोट र ज्याङ्लादी सुन्तला उत्पादनका पकेट क्षेत्र हुन्।

त्यस्तै, आर्थिक वर्ष ०८०/८१ मा ३० करोड बराबरको सुन्तला उत्पादन भएको थियो। त्यतिबेला तीन हजार ७५० मेट्रिकटन सुन्तला उत्पादन भएको थियो। जिल्लामा सुन्तलाखेतीतर्फ आकर्षण बढेसँगै सुन्तला उत्पादनमा वृद्धि भएको परियारको भनाइ छ।

# नेपाल राष्ट्र बैंक ऐन दशौंपटक संशोधनको तयारी

**काठमाडौं/मस–** अर्थ मन्त्रालयले नेपाल राष्ट्र बैंकसम्बन्धी विद्यमान कानुनी संरचनामा परिमार्जनको प्रक्रिया अघि बढाएको छ। मन्त्रालयले शुक्रबार 'नेपाल राष्ट्र बैंक ऐन, २०५८' लाई संशोधन गर्ने विधेयकको मस्यौदा सार्वजनिक गर्दै सरोकारवालाबाट सात दिनभित्र राय तथा सुझाव माग गरेको हो। राष्ट्र बैंक ऐन जारी भएयता नौ पटक संशोधन भइसकेको सन्दर्भमा प्रस्तावित संशोधन दशौं हुनेछ।

अर्थ मन्त्रालयका अनुसार केन्द्रीय बैंकको उद्देश्य, कार्यक्षेत्र र संरचनालाई अन्तर्राष्ट्रिय रूपमा स्वीकार्य अवधारणासँग तादम्यता कायम गर्ने, संस्थागत स्वायत्तता सुदृढ गर्ने तथा सुपरीवेक्षकीय र नियमन भूमिकालाई थप प्रभावकारी बनाउने लक्ष्यका साथ ऐन संशोधन गर्न लागिएको हो। त्यस्तै, केन्द्रीय बैंकको निर्णय प्रक्रियामा पारदर्शीता, जवाफदेहिता र व्यावसायिकता अभिवृद्धि गर्न कानुनी आधार अद्यावधिक गर्नुपर्ने भएकाले विधेयक ल्याउन लागिएको मन्त्रालयले जनाएको छ।

चालु आर्थिक वर्ष २०८२/८३ को बजेट वक्तव्य, नेपाल राष्ट्र बैंकको चौथो रणनीतिक योजना (२०२२-२०२६) तथा चालु आर्थिक वर्षको मौद्रिक नीतिमा उल्लिखित सुधार कार्यक्रम कार्यान्वयन गर्न ऐनमा समयानुकूल संशोधन अपरिहार्य रहेको पनि मस्यौदामा उल्लेख गरिएको छ। विशेषगरी वित्तीय प्रणालीको स्थायित्व, मुद्रास्फीति नियन्त्रण, बैंकिङ पहुँच विस्तार र डिजिटल वित्तीय सेवाको नियमनका विषयलाई कानुनी आधार प्रदान गर्न संशोधन प्रस्ताव गरिएको जनाइएको छ।

विधेयकको मस्यौदामा केन्द्रीय बैंकको स्वायत्तता सुदृढीकरण, उद्देश्य र कार्यक्षेत्रमा थप स्पष्टता तथा वर्तमान आर्थिक-वित्तीय परिवेशअनुसार ऐन अद्यावधिक गर्ने विषयलाई प्राथमिकता दिइएको छ। त्यस्तै, जोखिमको आधारमा सुपरीवेक्षण प्रणाली (रिस्क-बेस्ड सुपरभिजन) प्रवर्धन, मुद्रास्फीति नियन्त्रणसम्बन्धी व्यवस्थाको सुदृढीकरण, संघीय संरचनाअनुरूप राष्ट्र बैंकको भूमिका मिलान तथा अन्तर्राष्ट्रिय लेखा मापदण्डअनुसार वासलात र प्रतिवेदन प्रणालीको आधुनिकीकरणलाई संशोधनको प्रमुख उद्देश्यका रूपमा राखिएको छ। बैंक तथा वित्तीय संस्थाको फरफारख (रिजोलुसन)सम्बन्धी व्यवस्थामा स्पष्टता ल्याउने प्रस्ताव पनि मस्यौदामा समेटिएको छ।




डिजिटल वित्तीय प्रणालीको विस्तारसँगै विधेयक मस्यौदाले 'डिजिटल बैंक' को अवधारणालाई कानुनी मान्यता दिन प्रस्ताव गरेको छ। प्रस्तावित व्यवस्थाअनुसार भौतिक शाखा वा सञ्जालबिना पूर्ण रूपमा डिजिटल माध्यमबाट वित्तीय कारोबार सञ्चालन गर्न केन्द्रीय बैंकबाट इजाजत प्राप्त संस्था 'डिजिटल बैंक'का रूपमा परिभाषित हुनेछन्। यसले परम्परागत बैंकिङ संरचनाभन्दा फरक ढाँचामा सञ्चालन हुने वित्तीय संस्थालाई नियमनको दायरामा ल्याउने बाटो खोल्ने अपेक्षा गरिएको छ।

त्यसैगरी, डिजिटल मुद्रा अथवा भर्चुअल करेन्सीलाई पनि 'मुद्रा' को परिभाषाभित्र समेट्ने प्रस्ताव गरिएको छ। यस व्यवस्थाले भविष्यमा केन्द्रीय बैंकले जारी गर्न सक्ने केन्द्रीय बैंक डिजिटल करेन्सी वा अन्य डिजिटल भुक्तानी साधनलाई स्पष्ट कानुनी आधार प्रदान गर्ने ठानिएको छ। राष्ट्र बैंकको काम, कर्तव्य र अधिकारसम्बन्धी व्यवस्थामा पनि संशोधन प्रस्ताव गरिएको छ।

हाल विनिमय दर पद्दति निर्धारण गर्ने व्यवस्था रहेकोमा त्यसलाई परिमार्जन गर्दै 'विदेशी मुद्राको विनिमय दर पद्दति र विनिमय दर निर्धारण गर्ने' स्पष्ट अधिकार समेट्न खोजिएको छ। यसले विदेशी विनिमय बजारमा केन्द्रीय बैंकको भूमिकालाई थप स्पष्ट र सुदृढ बनाउने देखिन्छ।

बैंकिङ तथा वित्तीय सेवामा सर्वसाधारणको पहुँच र विश्वसनीयता अभिवृद्धि गर्ने दायित्वलाईसमेत कानुनी रूपमा सुदृढ गर्न प्रस्ताव गरिएको छ। साथै, केन्द्रीय बैंकलाई समष्टिगत विवेकशील (म्याक्रोप्रुडेन्सियल) निकायका रूपमा स्पष्ट भूमिका दिँदै वित्तीय प्रणालीमा देखिन सक्ने प्रणालीगत जोखिमको पहिचान र व्यवस्थापन गर्ने अधिकार सुनिश्चित गर्ने व्यवस्था मस्यौदामा राखिएको छ। समस्याग्रस्त बैंक तथा वित्तीय संस्थालाई नियन्त्रणमा लिने वा रिजोलुसन प्रक्रियामा लैजाने स्पष्ट प्रावधान पनि प्रस्ताव गरिएको छ।

संस्थागत संरचनातर्फ, राष्ट्र बैंकको सञ्चालक समितिमा हाल तीन जना स्वतन्त्र सञ्चालक रहने व्यवस्था संशोधन गरी पाँचजना पुर्‍याउने प्रस्ताव गरिएको छ। विधेयकमा 'छुट्टाछुट्टै क्षेत्रको प्रतिनिधित्व हुनेगरी नेपाल सरकारले नियुक्त गरेका पाँच जना गैरकार्यकारी स्वतन्त्र सञ्चालक सदस्य रहने' व्यवस्था राखिएको छ।

डेपुटी गभर्नर नियुक्तिसम्बन्धी व्यवस्थामा पनि महत्वपूर्ण परिमार्जन प्रस्ताव गरिएको छ। हाल 'बैंकका विशिष्ट श्रेणीका अधिकृतमध्येबाट' नियुक्त गर्ने प्रावधान रहेकोमा मस्यौदाले 'बहालवाला डेपुटी गभर्नर पद रिक्त हुनुभन्दा कम्तीमा एक महिना अगावै बैंकको कार्यकारी निर्देशक पदमा कार्यरत रहेका अधिकृतमध्येबाट' नियुक्त गर्ने व्यवस्था प्रस्ताव गरेको छ।

त्यस्तै, गभर्नर, डेपुटी गभर्नर तथा सञ्चालकको पुनःनियुक्तिसम्बन्धी प्रावधानमा पनि संशोधन प्रस्ताव गरिएको छ। विद्यमान ऐनअनुसार गभर्नर र डेपुटी गभर्नरलाई पुनः एकपटक तथा सञ्चालकलाई जतिसुकै पटक नियुक्त गर्न सकिने व्यवस्था रहेकोमा मस्यौदाले यसलाई सीमित गर्दै 'नेपाल सरकारले मनासिब देखेमा कार्यकाल समाप्त भएको गभर्नर र सञ्चालकलाई एकपटकको लागि मात्र पुनः नियुक्ति गर्न सक्ने' व्यवस्था राखेको छ।

विद्यमान ऐनको दफा ३३ अन्तर्गतको व्यवस्थापन समिति र दफा ३४ अन्तर्गतको लेखापरीक्षण समितिको काम, कर्तव्य र अधिकारमा पनि संशोधन प्रस्ताव गरिएको छ। आन्तरिक सुशासन, जोखिम व्यवस्थापन तथा लेखापरीक्षण प्रणालीलाई अन्तर्राष्ट्रिय अभ्यासअनुरूप परिमार्जन गर्ने लक्ष्य राखिएको मस्यौदामा उल्लेख छ। वित्तीय व्यवस्थापन सुदृढीकरणका लागि विभिन्न जगेडा कोष स्थापना गर्ने प्रस्ताव पनि मस्यौदामा समावेश गरिएको छ।

राष्ट्र बैंकमा 'साधारण जगेडा कोष' स्थापना गरी बैंकको खुद नोक्सानी व्यहोर्न तथा पुँजी वृद्धि गर्न प्रयोग गर्ने व्यवस्था प्रस्ताव गरिएको छ। त्यस्तै, वित्तीय उपकरण, विदेशी मुद्रा, सुन तथा अन्य सम्पत्तिको पुनःमूल्यांकनबाट हुने नाफा वा नोक्सानीको लेखांकनका लागि 'पुनःमूल्यांकन जगेडा कोष' स्थापना गर्ने व्यवस्था राखिएको छ।

वित्तीय क्षेत्रको स्थायित्व, वित्तीय पहुँच अभिवृद्धि तथा समग्र वित्तीय प्रणाली सुदृढीकरणका लागि 'वित्तीय विकास कोष' स्थापना गर्ने प्रस्ताव पनि गरिएको छ, जसको आकार राष्ट्र बैंकको कूल मौद्रिक दायित्वको पाँच प्रतिशत नबढ्ने गरी सीमित गरिने उल्लेख छ। साथै, कूल मौद्रिक दायित्वको दुई प्रतिशतभन्दा बढी नहुने गरी 'विशेष जगेडा कोष' स्थापना गर्न सकिने प्रावधान पनि मस्यौदामा समेटिएको छ।

'नेपाल राष्ट्र बैंक ऐन, २०५८' पछिल्लोपटक सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण तथा व्यावसायिक वातावरण प्रवर्धनसम्बन्धी केही ऐन संशोधन गर्ने ऐन, २०८० र सहकारीसम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०८१ मार्फत संशोधन गरिएको थियो।

# पेट्रोलियम पदार्थको मूल्य बढ्यो

**काठमाडौं/मस-** डिजेल र पेट्रोलको मूल्य वृद्धि भएको छ। भारतबाट मूल्य बढेर आएपछि नेपाल आयल निगमले आइतबार राति १२ बजेदेखि लागू हुनेगरी पेट्रोल र डिजेलको मूल्य वृद्धि भएको हो।

निगमले पेट्रोलको मूल्य १ रुपैयाँ र डिजेलको मूल्य ३ रुपैयाँले वृद्धि गरेको छ। भारतबाट पेट्रोलको मूल्य प्रतिलिटर १ रुपैयाँ ५१ पैसा र डिजेलको मूल्य ५ रुपैयाँ शून्य दुई पैसाले वृद्धि भएर आएको निगमले जनाएको छ। मूल्य वृद्धि भएसँगै पेट्रोलको मूल्य पहिलो वर्गमा १५४ रुपैयाँ ५० पैसा, दोस्रो वर्गमा १५६ र तेस्रो वर्गमा १५७ कायम हुने भएको छ। त्यस्तै, डिजेलको मूल्य




पहिलो वर्गमा १३९ रुपैयाँ ५० पैसा, दोस्रो वर्गमा १४१ रुपैयाँ र तेस्रो वर्गमा १४२ रुपैयाँ कायम भएको निगमले जनाएको छ।

# वीरगञ्ज भन्सारबाट १ खर्ब ३५ अर्ब राजस्व संकलन

**पर्सा/मस–** वीरगञ्ज भन्सार कार्यालयले चालु आर्थिक वर्षको सात महिनामा १ खर्ब ३५ अर्ब ४८ करोड रुपैयाँ राजस्व संकलन गरेको छ। कार्यालयले चालु आर्थिक वर्षको सात महिनामा १ खर्ब ५३ अर्ब ८४ करोड रुपैयाँ राजस्व संकलन गर्ने लक्ष्य राखे पनि सो अवधिसम्म लक्ष्यको ८८ दशमलब शून्य ७ प्रतिशत राजस्व संकलन भएको हो।

वीरगञ्ज भन्सार कार्यालयका सूचना अधिकारी उदयसिंह विष्टका अनुसार चालु आर्थिक वर्षको सात महिनामा कार्यालयको राजस्व संकलन उत्साहजनक छ। कार्यालयले साउनमा १८ अर्ब ४४ करोड रुपैयाँ, भदौमा २० अर्ब ७३ करोड रुपैयाँ, असोज महिनामा १९ अर्ब ९ करोड रुपैयाँ राजस्व संकलन भएको थियो।

त्यस्तै कात्तिकमा १७ अर्ब ३३ करोड रुपैयाँ र मंसिरमा २० अर्ब ८० करोड रुपैयाँ राजस्व संकलन भएको छ। त्यस्तै पुसमा २० अर्ब २० करोड रुपैयाँ राजस्व संकलन गरेको छ। कार्यालयले माघ महिनामा २१ अर्ब २९ करोड रुपैयाँ राजस्व संकलन गर्ने लक्ष्य राखेकामा १८ अर्ब ९० करोड रुपैयाँ संकलन गरेको छ। भन्सार विभागले वीरगञ्ज भन्सार कार्यालयलाई वर्षभरिमा २ खर्ब ७३ अर्ब ३९ करोड रुपैयाँ राजस्व संकलन गर्ने लक्ष्य दिएको छ।

निर्वाचनलाई वातावरणमैत्री बनाऔं।

- सभा, जुलुस, र्‍याली वा घरदैलोजस्ता कार्यक्रममा प्रयोग भएका सामग्रीको व्यवस्थापन गरौं।
- निर्वाचन प्रचारप्रसार कार्यक्रम गर्दा वातावरणमैत्री सामग्रीको प्रयोग गरौं।
- निर्वाचन प्रचारप्रसारमा आमसञ्चार तथा डिजिटल माध्यमलाई प्राथमिकता दिऔं।
- निर्वाचन प्रचारप्रसारमा सभा, जुलस वा र्‍यालीमा ध्वनि तथा वायु प्रदूषण न्यून गर्ने उपाय अपनाऔं।
- निर्वाचन प्रचारप्रसारमा प्लाष्टिकजन्य सामग्रीको प्रयोग नगरौं।
- निर्वाचनका समयमा विद्युतीय सवारीसाधनलाई प्राथमिकता दिऔं।
- निर्वाचनका समयमा पर्चा/पोष्टर टाँस्ने वा भित्तेलेखन जस्ता कार्य नगरौं / नगराऔं।
- निर्वाचनलाई स्वच्छ र मर्यादित बनाउन सहयोग गरौं।

**हरित निर्वाचन अभियानलाई सफल पारौं।**

नेपाल सरकार
विज्ञापन बोर्ड

# बजाजको डोमिनार ४ सय सार्वजनिक



**काठमाडौं/मस–** अल-न्यू अपग्रेडेड बजाज डोमिनार ४ सयको लन्च कार्यक्रम सम्पन्न भएको छ। शुक्रबार काठमाडौंको बाइकर्स क्याफेमा डोमिनार ४ सयको लञ्च भएको हो।

कार्यक्रममा अपग्रेडेड डोमिनार ४ सयलाई आधिकारिक रूपमा सार्वजनिक गर्दै यसको नयाँ तथा उन्नत फिचरहरू प्रस्तुत गरिएको थियो। कार्यक्रमको मुख्य आकर्षणका रूपमा मनाङ एक्सप्लोरर राइड प्रिमियर गरिएको थियो, जसले डोमिनार ४ सयको लामो दूरीको क्षमता तथा कठिन भूगोलमा उत्कृष्ट प्रदर्शन क्षमतालाई प्रस्तुत गर्‍यो।

अल-न्यू अपग्रेडेड बजाज डोमिनार ४सयमा डट म्याट्रिक्स डिस्प्लेसहितको डिजिटल कन्ट्रोल कन्सोल, ब्लुटुथ कनेक्टिभिटी, टर्न-बाइ-टर्न नेभिगेसन र राइड-बाइ-वायरसहित चार राइड मोड रहेको छ। कार्यक्रममा राइडरहरू, इन्फ्लुएन्सरहरू, सञ्चारकर्मीहरू तथा विशिष्ट अतिथिहरूको उत्साहजनक उपस्थिति रहेको थियो।

# एसियन स्मार्ट एग्रोको साधारण सभा सम्पन्न




**सिरहा/मस–** एसियन स्मार्ट एग्रो कम्पनी लिमिटेडको विशेष साधारण सभा सम्पन्न भएको छ। कम्पनीको अधिकृत पुँजी वृद्धि गर्ने, जारी पुँजी बिस्तार गर्ने तथा प्रबन्धपत्र र नियमावली संशोधन गर्ने प्रस्ताव पारित गर्दै विशेष साधारण सभा सम्पन्न भएको हो।

कम्पनीको चुक्तापुँजी ३५ करोड रुपैयाँ रहेको र अधिकृत पुँजी ५० करोड रहेको छ। सभामा सहभागी सेयरधनीहरूले कम्पनीको विकास र विस्तारका लागि आवश्यक सुझावसमेत दिएका थिए।

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: भगवतीबहाल, नक्साल, काठमाडौं, फोन: **०१–५३२६३६६, ०१–५३२८२९८**, ई-मेल: **madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com** (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, प्रधानसम्पादक: **मदनकुमार श्रेष्ठ** सम्पादक: **जनक नेपाल**